म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २२३ सोमबार, १६ चैत २०८२ ने. सं. ११४६ चौलाथ्व 30 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## राष्ट्रिय परीक्षा बोर्डको कर्मचारी युनियन भङ्ग

हेटौंडा, १५ चैत/नेपाल सरकारको मन्त्रिपरिषदबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एकसय कार्यसूचीअन्तर्गत राष्ट्रिय परीक्षा बोर्ड कर्मचारी युनियनले आफ्नो विघटनको घोषणा गरेको छ । युनियनका अध्यक्ष राजु ओलियाले आइतबार जारी गरेको सूचनाअनुसार युनियन आजैदेखि भङ्ग भएको हो । मन्त्रिपरिषद्को शुक्रबारको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी कार्यसूचीमध्ये १२ नम्बरमा 'प्रशासनिक सुधार, पुनर्संरचना र मितव्ययिता'सम्बन्धी निर्णय उल्लेख छ । राष्ट्रिय परीक्षा बोर्ड कर्मचारी युनियनले सरकारी निर्णयलाई स्वागत गर्दै आफ्नो संरचना विघटन गर्ने निर्णय गरेको हो । युनियनले जारी गरेको सूचनामा भनिएको छ 'नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एकसय कार्यसूचीमध्ये (ख) को (उल्लेखित प्रशासनिक सुधार, पुनर्संरचना र मितव्ययिता) बुँदा नं. १२ मा उल्लेख भएबमोजिमको निर्णयलाई स्वागत गर्दै यस कार्यालयमा गठन भएको राष्ट्रिय परीक्षा बोर्ड कर्मचारी युनियन मिति २०८२ चैत्र १५ गतेबाट भङ्ग गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।'

### ओली र लेखक पक्राउको विरोधमा प्रशासनमा विरोधपत्र

# ओली र लेखक ५ दिन हिरासतमै रहने

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/नेकपा एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेसका नेता एवम् पूर्व गृहमन्त्री रमेश लेखक पक्राउको विरोधमा नेकपा एमाले मकवानपुरले जिल्ला प्रशासन कार्यालय मकवानपुरमा विरोधपत्र बुझाएको छ ।



पार्टीको शनिवार बसेको सचिवालय बैठकको निर्णयबमोजिम जिल्ला कमिटीले प्रशासन कार्यालयमा विरोधपत्र बुझाएको हो । एमाले मकवानपुरका कार्यबाहक अध्यक्ष हिदम लामाले प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीलाई विरोधपत्र बुझाएका हुन् । कार्यबाहक अध्यक्ष लामाले विरोधपत्रमा संविधान, मानवअधिकार र विधिको शासन विपरीत गरिएका कदम तत्काल सच्याउँदै ओली र लेखकलाई सम्मानजनक व्यवहार सुनिश्चित गर्न माग गरेका छन् । गौरीबहादुर कार्की नेतृत्वको आयोगप्रति सुरुदेखि एमालेको असहमति र विमती रहँदै आएको लामाले जिकिर गरे ।

आयोगको विवादित प्रतिवेदन खारेज गरी निष्पक्ष र स्वतन्त्र छानबीन आयोग गठन गर्नुपर्ने तथा घटनासँग सम्बन्धित सम्पूर्ण पक्षको निष्पक्ष छानबीन गरी दोषीमाथि कारबाही र पीडितलाई क्षतिपूर्ति सुनिश्चित गर्नुपर्ने उनले बताए । गैरकानुनी ढंगबाट गरिएको गिरफ्तारीले मुलुक द्वन्द्वमा फस्ने कार्यबाहक अध्यक्ष लामाको भनाई छ ।

त्यसैगरी विरोध न्यालीमा नेकपा एमालेका केन्द्रीय सदस्य रामेश्वर रानाले कानुनी राज्यको धज्जी उडाउँदै प्रतिशोधको राजनीतिक दिशामा सरकार अघि बढेको बताएका छन् । जनताको जनादेशअनुसार राष्ट्रको समृद्धिमा लाग्नुपर्ने सरकार दलप्रति प्रतिशोध साध्न तल्लिन रहेको उनले आरोप लगाए ।

केन्द्रीय सदस्य रानाले एमाले लोकतान्त्रिक मूल्य र मान्यताप्रति अडिग रहने पार्टी भएपनि आपूहरुलाई उत्तेजित बनाउने गतिविधि नगर्न चेतावनी दिएका छन् । ओली र लेखकको विरोधमा एमालेले आइतबार देशभरका जिल्ला प्रशासन कार्यालयमा विरोधपत्र बुझाएका हो । यसअघि शनिबार हेटौंडामा एमाले कार्यकर्ताले विरोध प्रदर्शन गरेका थिए । देशव्यापीरुपमा पार्टीका विभिन्न जनवर्गीय संगठनले जिल्ला प्रशासन कार्यालयमार्फत ज्ञापनपत्र बुझाउने कार्यक्रमअन्तर्गत मकवानपुरमा पनि भएको हो ।

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा भएको दमनको विषयलाई लिएर एमालेले सरकारको आलोचना गर्दै आएको छ । सोही घटनासँग जोडेर अध्यक्ष ओली र कांग्रेस नेता रमेश लेखक पक्राउ परेपछि एमालेले विरोधका कार्यक्रमलाई तीव्र बनाएको जनाएको छ ।

**ओली र लेखकलाई ५ दिन हिरासतमा राख्न अनुमति**

नेकपा एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री ओली र कांग्रेस नेता तथा पूर्वगृहमन्त्री लेखकलाई थुनामा राखेर अनुसन्धान अघि बढाउन अदालतले आदेश दिएको छ ।

आइतबार जिल्ला अदालत काठमाडौंका न्यायाधीश आनन्दप्रसाद श्रेष्ठको इजलासले ५ दिन म्याद थपको अनुमति दिएको दिपककुमार श्रेष्ठले जानकारी दिए । लेखक र ओलीलाई १० दिन थुनामा राखेर अनुसन्धान अघि बढाउन सरकारी वकिलले माग गरेको थियो ।

भदौ २३ र २४ गते जेनजी आन्दोलन भएको थियो । आन्दोलनमा ब्यापक दमन भएको थियो । जेनजी आन्दोलनको बेला एमालेका अध्यक्ष ओली प्रधानमन्त्री थिए भने कांग्रेस नेता लेखक गृहमन्त्री थिए । आन्दोलनमा भएको दमनबारे जाँचबुझ गर्न गठित आयोगले ओली र लेखकलाई फौजदारी मुद्दामा कारबाही अघि बढाउन सिफारिस गरेको थियो ।

सिफारिसका आधारमा जरुरी पक्राउ पुर्जी जारी गरेर शनिबार बिहान ओली र लेखकलाई पक्राउ गरिएको थियो । आइतबार अदालतमा लेखक आफैं उपस्थित भएका थिए भने ओली बिरामी भएका कारण त्रिवि शिक्षण अस्पतालमार्फत् भर्चुअल उपस्थित भए ।

# बेटिङ एप र वेबसाइटको बन्द गर्ने प्रक्रिया सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/ सञ्चार तथा सूचना प्रविधिमन्त्रालयले अनलाइन सट्टेबाजी एप (बेटिङ एप) २४ घण्टाभित्र बन्द गर्न नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणलाई पत्राचार गरेको छ ।

सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाको अध्यक्षतामा आइतबार मन्त्रालयका सचिवसहित महाशाखा प्रमुखहरुसँगको बैठकमा मन्त्री तिमिल्सिनाले बेटिङ एप र त्यस सम्बन्धी वेबसाइट बन्द गर्न निर्देशन दिएलगत्तै प्राधिकरणले बेटिङ बन्द गर्ने प्रक्रिया सुरु गरेको हो । सञ्चार मन्त्रीको निर्देशनलगत्तै मन्त्रालयले बेटिङ बन्द गर्न दूरसञ्चार प्राधिकरणलाई पत्राचार गरेको हो । बेटिङ बन्दका लागि अपरेटर्सलाई निर्देशन दिएर बन्दगर्ने कार्य सुरु भइसकेको प्राधिकरणका सहायक प्रवक्ता डा. प्रदीप पौड्यालले जानकारी दिए ।

मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकले अवैधरुपमा सञ्चालित अनलाइन बेटिङ बन्द गर्ने निर्णय गरेको थियो । त्यसलगत्तै सञ्चारमन्त्री डा. तिमिल्सिनाले मन्त्रालय र सम्बद्ध निकायसँग छलफल गरी तत्कालै एक्सन लिएका छन् ।

मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको शासकीय सुधार सम्बन्धी १०० बुँदे कार्यसूचीमार्फत् सरकारले देशभित्र सञ्चालित सबै सट्टेबाजी एप र वेबसाइटलाई २४ घण्टाभित्रै पूर्णरुपमा बन्द गर्ने निर्णय गरेको थियो । अवैध आर्थिक कारोबार र पुँजी पलायनलाई रोक्ने उद्देश्यले सरकारले यस्तो निर्णय गरेको जनाइएको छ ।

कार्यसूचीको ४२ नम्बर बुँदामा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई सट्टेबाजी एप (बेटिङ एप) र त्यससम्बन्धी वेबसाइट २४ घण्टाभित्र बन्द गर्न निर्देशन दिइएको छ । बैठकमा सञ्चारमन्त्री डा. तिमिल्सिनाले मन्त्रालयले जनतालाई तत्कालै प्रदान गर्नसकिने सेवाबारे कार्ययोजना पेशगर्न महाशाखा प्रमुखहरुलाई निर्देशन दिएका छन् । उनले उपलब्ध स्रोतसाधनको अधिकतम प्रयोग गर्दै सेवाप्रवाहलाई चुस्त र प्रभावकारी बनाउन आग्रह गरे ।

सञ्चारमन्त्री डा. तिमिल्सिनाले डिजिटल शासन र डेटा गभर्नेन्समा फोकस भएर समन्वयात्मक पद्धतीबाट जनताले प्रत्यक्ष लाभपाउनेगरी काम गर्नुपर्नेमा जोड दिए । मन्त्रालयले गर्ने कामको दैनिक रिपोर्टिङ र समीक्षा गर्ने तथा मासिकरुपमा मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यलयलाई रिपोर्टिङ गर्ने प्रणालीको विकास गरिने उनको भनाइ छ ।

# दुई वडा कार्यालय भवन निर्माण सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/ पश्चिम मकवानपुरको मनहरी गाउँपालिकामा निर्माण हुन बाँकी रहेका २ वटा वडा कार्यालय भवन निर्माण सुरु भएको छ ।

वडा ३ र ४ को भवन निर्माणकार्य आरम्भ भएको मनहरी गाउँपालिकाले जनाएको छ । स्थानीय सरकारको अघिल्लो कार्यकालमै अधिकाँश वडा कार्यालय निर्माणकार्य सुरु गरिएको थियो । तर, वडा ३ मा पर्याप्त बजेट अभाव र वडा नं ४ मा जग्गाको व्यवस्थापन नहुँदा निर्माण हुन सकेको थिएन । वडा ४ को भवन निर्माणका लागि उपलब्ध हुने जग्गाको बारेमा यसअघिको कार्यकाल अनिर्णित हुँदा समयमै भवन नबनेको वडाध्यक्ष प्रकाश थापाले बताए । वडा भेगबाट बीचभागमा पर्ने स्थानमा जग्गा खोजी गर्ने क्रममा ढिलाइ र समझदारी नहुनाले समयै भवन निर्माण हुन नसकेको उनको भनाइ छ ।

चालू आर्थिक वर्षमा ४ नं वडाको बीचभूभागमा पर्ने नरसिंहटाँडी भन्ने स्थानमा जग्गादाताले दिएको २ कठ्ठा जग्गामा भवन निर्माण धमाधम थालिएको हो ।

स्थानीय पदमबहादुर थापाबाट १ कठ्ठा र गोकर्ण थापाबाट एक कठ्ठा जग्गादान भएपछि भवन निर्माणकार्य अघि बढेको हो । १ करोड ६४ लाख रुपैयाँ लगानीनमा निर्माणाधीन भवन साढे २ तल्लाको रहेको वडाध्यक्ष थापाले जानकारी दिए । अमिरा सप्तलक्ष्मी जेभी निर्माण कम्पनीले भवन निर्माणकार्य आरम्भ गरी पहिलो तल्ला ढलाको तयारी गरेको जनाएको छ ।

यसअघि मनहरी गाउँपालिकामा १, २, ५, ६, ७ र ९ नं वडाको कार्यालय भवन निर्माण भइसकेको छ । वडा ८ भने साबिक मनहरी गाउँ विकास समिति सञ्चालन भएको पुरानै बलियो भवन भएकाले निर्माण गर्न नपर्ने बताइएको छ । वडा ३ पनि साबिक हाँडीखोला गाउँ विकास समिति सञ्चालन भएको भवनमै सञ्चालित छ ।

# मकवानपुरमा महिलाका नाममा उद्योग दर्ता बढ्यो



साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/ पछिल्लो केही वर्षयता मकवानपुर जिल्लामा महिला उद्योगी व्यवसायीको संख्या बढेको पाइएको छ । सरकारले महिला सञ्चालक भएको कारोबारको उद्योग व्यवसायीको दर्तामा लाग्ने दस्तुरमा ५० प्रतिशत छुट दिने व्यवस्था गरेपछि मकवानपुरमा महिलाउद्यमी बढेका हुन् ।

उद्योग तथा वाणिज्य कार्यालयका प्रमुख रामप्रसाद भुसालका अनुसार आर्थिक वर्ष २०८२/८३ को आठ महिनामा मकवानपुरमा तीन सय चारवटा नयाँ उद्योग दर्ता भएकामा १६८ व्यवसाय महिलाका नाममा दर्ता भएका छन् । महिलाका नाममा दर्ता भएका व्यवसायमा अधिकांश जनरल स्टोर्स, सिलाइकटाइ टेलरिङ, ब्यूटीपार्लर छन् भने उद्योगतर्फ अधिकांश कृषि र माछा तथा पशुपालन व्यवसाय छन् । सरकारले महिलाका नाममा दर्ता हुने उद्योग व्यवसायलाई दस्तुरमा छुट दिनु, स्थानीय प्रशासनले पनि उद्योग व्यवसायी दर्ताका लागि कडाइ गर्नु र बैंक तथा वित्तीय संस्थाबाट उद्योग व्यवसायमा ऋण लगानी सहज हुनसक्नेलगायत कारण पनि घरेलु तथा साना उद्योग व्यवसाय दर्ता गराउने क्रम बढेको प्रमुख भुसालको भनाई छ ।

यो अवधिमा उद्योगतर्फ ४० वटा उद्योगको नामसारी, १५ वटा ठाउँसारी, ९४८ वटा नवीकरण, ४३ वटाको प्रतिलिपि, ७३ वटाको लगतकट्टा तथा २८ वटाको उद्देश्य थप गरिएको उद्योग तथा वाणिज्य कार्यालयले जनाएको छ । यो अवधिमा वाणिज्यतर्फ पाँचवटा नामसारी, सातवटा उद्योगको ठाउँसारी, २७ वटा उद्योगको पूँजीवृद्धि, एक हजार ५४ वटा उद्योगको नवीकरण, ९३ वटा उद्योगको लगतकट्टा तथा ३७ वटा उद्योगको उद्देश्य थप गरिएको प्रमुख भुसालको भनाइ छ ।

नयाँ उद्योग तथा वाणिज्य दर्ता, नवीकरण, लगतकट्टालगायत शीर्षकबाट यस अवधिमा एक करोड ३१ लाख ८४ हजार १५९ रुपैयाँ राजस्व संकलन भएको प्रमुख भुसालले बताए ।



साझाकुरा

## हाम्रो कुरा

# दुर्घटनामा ज्यान गुमाउने बढ्दै

मकवानपुरमा पछिल्लो ८ महिनाको अवधिमा भएका सडक दुर्घटनाबाट ४६ जनाले ज्यान गुमाएका छन् । यो सुन्दा दुःख लाग्छ । किनकि सडक सबैको साझा ठाउँ हो । हामी र हाम्रा बालबालिका हिँड्ने, साइकल चलाउने, स्कुल जाने र घर फर्कने बाटो यही हो । सडक दुर्घटना भनेको गाडी, मोटरसाइकल, बस वा पैदल हिँड्ने मानिसबीच हुने ठक्कर वा दुर्घटना हो । यस्तो दुर्घटनामा मानिस घाइते हुनसक्छन्, कहिलेकाहीँ ज्यानै जान सक्छ । ४६ जनाको ज्यान गुम्नु भनेको ४६ वटा परिवारको खुशी हराउनु हो । ती परिवारमा आमाबुबा, दाजुभाइ, दिदीबहिनी र बालबालिका सबैले ठूलो पीडा भोग्नुपरेको छ । प्रश्न उठ्छ, दुर्घटना किन हुन्छ त ? धेरैजसो दुर्घटना छिटो गाडी चलाउँदा, ट्राफिक नियम नमान्दा, मोबाइल चलाउँदै गाडी हाँक्दा, मदिरा सेवन गरेर सवारी चलाउँदा वा सडकमा लापरवाही गर्दा हुन्छ । कहिलेकाहीँ बाटो बिग्रिएको, संकेत बोर्ड नदेखिएको वा उज्यालो नहुँदा पनि दुर्घटना हुन्छ । कुनै दुर्घटना मेकानिकल गडबडीका कारण पनि हुन्छ ।

पैदलयात्रुले सडकमा हिँड्दा सधैँ बायाँतिर हिँड्ने, जेब्राक्रसिङबाट मात्र बाटो काट्ने, हरियो बत्ती बल्दा मात्र बाटो पार गर्ने जस्ता नियम पालना गर्नुपर्छ । साइकल चलाउँदा हेल्मेट लगाउने, साथीहरुसँग खेल्दा सडकमा नखेल्ने पनि धेरै महत्वपूर्ण कुरा हुन् । यी साना बानीले हाम्रो ज्यान जोगाउन सक्छन् । ठूला मानिस, विशेषगरी चालकले जिम्मेवार बन्नैपर्छ । गाडी बिस्तारै चलाउने, नियम पालना गर्ने, बालबालिका र बुढाबुढीलाई बाटो काट्न सहयोग गर्ने हो भने धेरै दुर्घटना रोक्न सकिन्छ । विद्यालय, अभिभावक र समाजले पनि बालबालिकालाई सडक सुरक्षा बारे सिकाउनुपर्छ । सरकार र सम्बन्धित निकायले पनि सुरक्षित सडक बनाउन ध्यान दिनुपर्छ । राम्रो सडक, स्पष्ट संकेत, ट्राफिक लाइट, स्पिड ब्रेकर र सवारी साधनको नियमित चेकजाँच भए दुर्घटना घट्न सक्छ । नियम नमान्नेलाई सजाय र सचेतना कार्यक्रम बढाउनुपर्छ । ट्राफिकले उपलब्धी देखाउनका लागि सवारीचालकसँग राजश्व उठाउने योजनामा मात्र केन्द्रित हुनु पनि दुर्घटना न्यूनीकरणमा तगारो बन्नसक्छ । सडक दुर्घटना कसैको गल्तीले मात्र हुँदैन तर, सचेत भएर हामी सबै मिलेर यसलाई घटाउन सक्छौँ । ४६ जनाको ज्यान गुम्नु हामी सबैका लागि चेतावनी हो । आजदेखि नै सुरक्षित बानी बसालौँ, नियम पालना गरौँ र अरुलाई पनि सम्झाऔँ । सुरक्षित सडक बनेमात्र हाम्रो भविष्य सुरक्षित हुन्छ । मकवानपुरमा चालु आर्थिक वर्षको ८ महिनामा सडक दुर्घटनाबाट ४६ जनाले ज्यान गुमाए । साउनयता फागुन महिनासम्मको ८ महिनाको अवधिमा मकवानपुरमा भएका २ स ६५ वटा दुर्घटनामा ४६ जनाले ज्यान गुमाएका हुन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका अनुसार यसअवधिमा ३ सय ५४ वटा सवारीसाधन दुर्घटनामा परेका छन् । यी सवारी साधनमध्ये सबैभन्दा बढी मोटरसाइकल २ सय २४ वटा परेका छन् ।

दुर्घटनामा कार तथा जिप ४७ वटा, ट्रक तथा ट्याङकर ४५ वटा दुर्घटनामा परेका थिए । तेस्रोमा अटो ३४ वटा दुर्घटनाग्रस्त भएका ट्राफिक कार्यालयले जनाएको छ । दुर्घटनामा बस १७ वटा, ट्रयाक्टर १० वटा, ट्रिपर ३ वटा, माइक्रोभ्यान २ वटा, स्काभेटर तथा लोडर एउटा, र साइकल तथा अन्य साधन ८ वटा परेको जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । यी दुर्घटनामा ४६ जनाको मृत्यु हुनुका साथै ५७ जना गम्भीर घाइते तथा ४ सय ७७ जना सामान्य घाइते भई प्रभावित बनेका छन् । नेपालका प्रमुख राजमार्गका साथै पूर्वपश्चिम राजमार्ग भएको तथा काठमाडौं छिर्ने बाटोहरु धेरै रहेकाले यस जिल्लामा सवारी दुर्घटना अत्यधिक हुने गर्दछ । यसक्षेत्रमा मानवीय कारण, सडकको बिग्रिएको अवस्था, मौसम बिग्रँदा, प्राकृतिक प्रकोपको कारण, यान्त्रिक कारण, पशुचौपाया तथा पैदलयात्रीले अनियन्त्रित हिसाबले बाटो काट्दा लगायत कारणले सडक दुर्घटना हुँदै आएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत १७ गते मंगलबार ३१ मार्च २०२६ । त्रयोदशी, चैत्र शुक्लपक्ष । चौलाथ्व ११४६ ने.सं. । सूर्योदय ५:५८ सूर्यास्त ६:२० । महावीर जयन्ती

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यवसायबाट लाभ पाइने | तुला | : कुरा काट्नेहरु सक्रिय हुने |
| वृष | : जिम्मेवारी पूरा गर्न सकिने | वृश्चिक | : नयाँ काम हात पर्ने |
| मिथुन | : गलत विचार बढ्ने | धनु | : कार्यान्तरण हुन सक्ने |
| कर्कट | : काममा अबरोध आउने | मकर | : शुभ समाचार सुन्न पाइने |
| सिंह | : अधुरा काम पूरा हुने | कुम्भ | : अनावश्यक खर्च बढ्ने |
| कन्या | : घरेलु समस्याले सताउने | मीन | : भोजको अवसर मिल्ने |

# प्रश्नैप्रश्न माथि उभिएका बालेनको अभिभारा



✍ मीनबहादुर शाही

मेरो उमेर समूहको पुस्ताले नेपालको राजनीतिक परिदृश्यमा भएका उथलपुथललाई नजिकबाट नियाल्ने, त्यसमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहभागी हुने र परिवर्तनका उपलब्धिहरूको उपभोग गर्ने दुर्लभ अवसर प्राप्त गरेको छ । यस अर्थमा हेर्दा हाम्रो पुस्तालाई 'भाग्यमानी पुस्ता' भन्नु अतिशयोक्ति नहोला । इतिहासका निर्णायक मोडहरू आफ्नै आँखाले देख्ने, त्यसमा भूमिका निर्वाह गर्ने र त्यसका परिणामहरू अनुभूत गर्ने अवसर सबै पुस्तालाई प्राप्त हुँदैन ।

सक्रिय राजतन्त्रात्मक निर्दलीय तथा निरंकुश पञ्चायती व्यवस्थाको निर्मम दमन, माओवादी युद्धको आक्रान्त स्थिति भोग्दाभोग्दै २०६२/६३ को लोकप्रिय जनआन्दोलन भयो, जसले नेपाली समाजले चाहेको शासन व्यवस्थाको स्थापनाका लागि ऐतिहासिक र निर्णायक भूमिका खेल्यो । यी सबै घटनाक्रमका प्रत्यक्ष साक्षी बनेर हाम्रो पुस्ता निरन्तर सहभागी हुँदै आएको छ । त्यति मात्र होइन, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि त्यसका विभिन्न तहका निर्वाचन प्रक्रियामा पनि सहभागी हुने अवसर प्राप्त भयो । तर यसपटकको निर्वाचनमा सहभागी हुँदादेखि परिणाम सार्वजनिक हुँदासम्म देखिएको समग्र परिदृश्यले एउटा प्रश्न भने उठाउँछ, के नेपाली समाज अब क्रमिक (ग्राजुअल) परिवर्तनभन्दा पनि तीव्र र आक्रामक रूपान्तरणको खोजीमा त छैन ? यस्तो प्रश्न उठ्नु स्वाभाविक ठान्नु अन्यथा नहोला ।

**निर्वाचन परिणाम : पुस्ता पुस्तान्तरण संकेत**

आफ्नो बाल्यकालमा तत्कालीन प्रधानमन्त्री स्व. सूर्यबहादुर थापा पहिलो पटक प्रधानमन्त्री हुँदा मात्र ३५ वर्षका थिए भन्ने कुरा पढ्न पाइन्छ, सम्झनामा छैन । तर आफू जान्ने, बुझ्ने र स्मरण राख्न सक्ने उमेरदेखि भने नेपाली राजनीतिको शासन सत्ताको शीर्ष नेतृत्व अर्थात् प्रधानमन्त्री पदमा ६० वर्षभन्दा कम उमेरको कमै व्यक्तिलाई देख्न पाइएको छ । ५३ वर्षमा प्रधानमन्त्री बनेका पुष्पकमल दाहालले राजनीतिमा आम नेपाली जनता र भविष्यको पुस्ताले सम्झिने गरी काम गरेको छाप छोड्न सकेनन् । पटक-पटक प्रधानमन्त्री भएर, राजनीतिक विचारबाट विचलित भएर उनले झनै आफ्नो साख मात्र गिराएनन् नेपाली राजनीतिमा गलत परम्परा स्थापित गराउनमा प्रमुख हिस्सेदार बने ।

विश्व राजनीतिको इतिहास हेर्दा कम उमेरमै प्रधानमन्त्रीको नेतृत्व सम्हालेका उदाहरण प्रशस्त छन् । सन् १७८३ मा विलियम पिट द यङ्गर २४ वर्षको उमेरमा बेलायतका प्रधानमन्त्री बनेका थिए भन्ने कुरा राजनीतिक इतिहासमा उल्लेख गरेको पाइन्छ । त्यसैगरी, सोसल डेमोक्रेटिक पार्टीकी सदस्य सन्ना मेरिन ३४ वर्षको उमेरमा फिनल्यान्डकी प्रधानमन्त्री बनेर इतिहास रचिन् । न्युजिल्याण्डमा ३७ वर्षको उमेरमा जेसिन्डा आर्डर्न प्रधानमन्त्री बनिन् । त्यस्तै, ४३ वर्षको उमेरमा बेलायतको प्रधानमन्त्री बनेका टोनी ब्लेयरले झन्डै एक दशकभन्दा बढी समय नेतृत्व गर्दै विश्वको ध्यान आकर्षित गरेका थिए । पछि डेभिड क्यामरुन पनि ४३ वर्षकै उमेरमा प्रधानमन्त्री बने । यीमध्ये कसैले प्रभावकारी नेतृत्व प्रदान गरेर इतिहास बनाए, कसैले अपेक्षा अनुसार उपलब्धि हासिल गर्न सकेनन् । यीमध्ये टोनी ब्लेयरका लोकतन्त्र, मानवअधिकार, स्वतन्त्रता र सामाजिक न्यायसँग सम्बन्धित प्रस्तुतिहरू अहिले पनि सुन्न मन लाग्छ र समय मिलेसम्म सुन्ने गर्छु ।

राजनीति गर्नेहरूका लागि प्रधानमन्त्री बन्नु मात्र ठूलो उपलब्धि हो भन्ने लाग्दैन । वास्तवमा राजनीति भनेको देशभित्र बसोबास गर्ने आम नागरिकको सर्वोपरि हितका लागि गरिने एक पवित्र कार्य हो । तर यसको प्रभावकारी सञ्चालनका लागि आवश्यक कला, ज्ञान, सीप र निर्णय प्रक्रियामा निपुणता हुनु पहिलो शर्त हो । विगत करिब तीन दशकदेखि अपनाइँदै आएका अभ्यास र प्रक्रियाप्रति नेपाली समाज सन्तुष्ट थिएन भन्ने कुरा यसपटक फागुन २१ गते सम्पन्न निर्वाचनको परिणामले स्पष्ट रूपमा पुष्टि गरेको छ । यस निर्वाचन परिणामले नेपाली राजनीतिक वृत्तमा पुस्ता हस्तान्तरणको बहसलाई यतिबेला चर्चाको शिखरमा पुऱ्याएको छ । यद्यपि प्रत्येक राजनीतिक दलका आफ्नै विधान, विधि र प्रक्रिया हुन्छन्, तर यसपटकको जनमतले केही नयाँ तथा युवा नेतृत्वलाई शासन सञ्चालनको बागडोर सम्हाल्ने जिम्मेवारी सुम्पिएको देखिन्छ ।

**प्रश्न एक: प्रश्नबाट जवाफदेहितातर्फ**

प्रश्नको सही निर्माण त्यही व्यक्तिले गर्न सक्छ जससँग ज्ञान, सीप र विवेक हुन्छ । प्रश्नको उठानबाटै बुझ्न सकिन्छ कि प्रश्न सोध्ने व्यक्ति उत्तरदाता वा विषयवस्तुप्रति कति निष्पक्ष र रचनात्मक छ । यही सन्दर्भमा हेर्दा, विश्व राजनीतिमा युवा पुस्ताको हस्तक्षेप समय समयमा सशक्त रूपमा देखिँदै आएको छ । माथि उल्लेख गरिएका उदाहरण यसका प्रमाण हुन् । उल्लेख गरिएका पात्रहरू पनि लोकतान्त्रिक प्रक्रिया अन्तर्गत जनताको सार्वभौम मताधिकार मार्फत अभिव्यक्त जनमतका आधारमा निर्वाचित भएका थिए । विश्वमा यदि सबैभन्दा शक्तिशाली केही छ भने, त्यो नागरिकको 'मत' नै हो । यही मत प्राप्त गर्नुअघि उनीहरूले सशक्त रूपमा प्रश्नहरू उठाए, विद्यमान शासनप्रणालीलाई चुनौती दिए र शासकहरूसँग जवाफदेहीपूर्ण उत्तरको माग गरे । यही प्रक्रियाबाट उनीहरूले जनविश्वास आर्जन गर्न सफल भए ।

नेपालको सन्दर्भमा, गत भदौ २३ र २४ गतेको 'जेन-जी' प्रदर्शन पश्चात् विकसित राजनीतिक घटनाक्रमका आधारमा विद्यमान प्रतिनिधिसभाको विघटन गरी निर्वाचनको घोषणा गरिएको थियो । केही राजनीतिक शक्तिहरूले प्रतिनिधिसभाको विघटनलाई संविधान विपरीत ठाने पनि घोषित कार्यतालिका अनुसार २०८२ साल फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भइसकेको छ । निर्वाचनको परिणाम राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पक्षमा आएको छ । बालेन-रवि गठबन्धनको पक्षमा नेपाली नागरिकहरूले आफ्नो मत अभिव्यक्त गरेका छन्, जसका कारण उनीहरूको प्रतिनिधित्व दुईतिहाइ नजिक पुगेको छ । यस्तो संख्या आफ्ना उद्देश्य र लक्ष्यअनुरूप काम गर्न पर्याप्त मानिन्छ ।

अब सिर्जना गरिएका र आक्रामक रूपमा उठाइएका प्रश्नहरूको सभ्य र जवाफदेही ढंगले सम्बोधन गर्ने दायित्वको घेराभित्र रास्वपा, विशेषत: बालेन शाह स्वयं प्रवेश गरेका छन् । त्यसैले बालेन शाह अब प्रश्नकर्ता रहेनन् अर्थात् रास्वपा प्रश्नबाट जवाफदेहितातर्फ अगाडि बढेको सत्तारूढ राजनीतिक शक्तिमा रूपान्तरण हुनपुगेको छ । अब प्रश्नहरूको सिर्जना र आक्रामक उठान उसले गर्नुपर्ने छैन । तसर्थ, प्रश्नहरूको जवाफ दिनुपर्ने बेला आएको छ ।

**प्रश्न दुई : सरकारहरुसँग समन्वय र सहकार्य**

तीव्र र आक्रामक रूपान्तरण तथा उपलब्धिको खोजीमा अघि बढेका बालेन समर्थकहरूलाई यस्ता प्रश्नहरूले चिढ्याउन सक्छन् । तर यस्ता प्रश्नहरू स्वाभाविक मात्र होइन, आवश्यक पनि हुन् । मुलुकमा एक संघीय, सात प्रादेशिक र ७५३ स्थानीय तह गरी कुल ७६१ सरकारहरू रहेका छन् । यी सबै तहबीच समन्वय गर्ने प्रमुख जिम्मेवारी संघीय सरकारको हो, जसले सहकार्य र सहअस्तित्वको मर्यादा तथा मान्यतालाई आदर्श सिद्धान्तका रूपमा स्थापित गर्न सक्छ । तर विगतका अनुभव र उठेका प्रश्नहरूलाई आधार मान्ने हो भने सही दिशामा अगाडि बढ्ने विषयमा शंका उब्जिनु अस्वाभाविक होइन । सबै सरकारहरू नेपाली नागरिकले तिरेको करबाट सञ्चालन हुने र त्यसैबाट भरणपोषण हुने तथ्यप्रति अबको नेपाली समाज अनभिज्ञ छ भनेर मान्नु सबैभन्दा ठूलो भूल हुनेछ । काठमाडौं महानगरपालिका, जुन संघीय राजधानी समेत हो, त्यहाँ नगर प्रमुख रहँदा उनले जुनसुकै मनसायले भए पनि सशक्त ढंगले उठाएका प्रश्नहरू अब उनैतर्फ तेर्सिने छन् ।

त्यसैले, अब मुलुकको प्रमुख कार्यकारीको भूमिकामा रहँदा महानगर प्रमुख जस्तो रूखो वा खरो शैलीमा सामाजिक सञ्जाल मार्फत प्रश्न उठाएर जिम्मेवारीबाट पन्छिन पाउने अवस्था रहने छैन । उनले ७६१ वटै सरकार तथा बहुसरोकारवाला साझेदारहरूसँग समन्वय र सहकार्यलाई परिणाममुखी बनाउँदै जवाफदेहिता सहित जिम्मेवारी निर्वाह गर्नुपर्नेछ, जुन दायित्व नेपाली जनताले उनलाई सुम्पेका छन् । यस प्रश्नको जवाफ उनले शुरुदेखि नै दिनुपर्नेछ । काठमाडौं महानगरपालिकाको प्रमुखको हैसियतले उनले संघीय सरकारले आयोजना गरे वा निमन्त्रणा गरिएका कुनै पनि कार्यक्रमलाई सहज रूपमा नलिएको विगतको अनुभव छ । यो प्रश्नले उनलाई पछ्याइराख्ने छ । कहीं न कहीं कसै न कसैले उठाएमा उनले आक्रामक वा सेवाग्राही भएर जवाफ दिन पाउने छैनन् ।

**प्रश्न तीन: "जेन-जी" प्रदर्शनको ताज पहिरन**

भदौ २३ र २४ मा भएको जेन-जी प्रदर्शन नेपाली राजनीतिक इतिहासमा सधैं सम्झिरहने महत्वपूर्ण घटनाका रूपमा स्थापित भएको छ । कतिपयले यसलाई नजरअन्दाज गरे भने कतिपयले आफ्नो स्वार्थ अनुसार उपयोग पनि गरे । यस विषयमा अझै विस्तृत विश्लेषण र समीक्षा हुँदै जानेछ । इतिहासकार र विश्लेषकहरूले यस सम्बन्धमा लिपिबद्ध दस्तावेजहरू तयार पार्नेछन्, जुन भविष्यका पुस्ताका लागि उपयोगी र वाञ्छनीय हुनेछ । जसरी चौथो औद्योगिक क्रान्तिले विश्वभर नयाँ गतिशीलता, सिर्जनशीलता, उद्यमशीलता र आधुनिक युगमा व्यक्ति र समाज बीच तीव्र सम्बन्ध विस्तारमा प्रभाव पारेको छ, त्यसबाट नेपाली समाज पनि अछुतो रहन सक्दैन । जेन-जी पुस्तालाई बुझ्ने, सुन्ने र तिनको भावनाको कदर तथा सम्मान गर्ने विषयमा समाज विभक्त देखिन्छ । कतिपयले जेन-जीलाई अपरिपक्व, अधैर्य र छिटो प्रतिफल खोज्ने पुस्ताका रूपमा हेर्छन् भने कतिपयले यसलाई केवल सामाजिक तथा राजनीतिक रूपमा प्रयोग हुने पुस्ता नभई भविष्यको आवाज बोकेको, तीव्र परिवर्तनको आकांक्षा राख्ने र रूपान्तरणका लागि सशक्त रूपमा आवाज उठाउन सक्ने पुस्ताका रूपमा बुझ्छन् ।

त्यसैले यस पुस्ताको भाषा, भावना र शैलीसँग परिवार, समाज र राज्यले संवेदनशील रूपमा संवाद, छलफल र अन्तरघूलन गर्नु आवश्यक हुन्छ । भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा तत्कालीन काठमाडौं महानगर पालिकाका प्रमुख एवं रास्वपाका वरिष्ठ नेता बालेन शाहको सहयोग र समर्थन रहेको भन्ने बहुमत नेपाली नागरिकको बुझाइ छ । रास्वपाले जेन-जी प्रदर्शनको अपनत्व लिँदै आम निर्वाचन २०८२ मा होमिएर प्राप्त गरेको सफलताले पनि यस धारणालाई पुष्टि गरेको देखिन्छ । त्यसैले जेन-जी प्रदर्शनले खोजेको राजनीतिक नेतृत्व रास्वपाले ग्रहण गरिसकेको छ र कार्यकारी प्रमुखका रूपमा बालेन शाहले ताज पहिरिएका छन् । आरोप-प्रत्यारोप जे-जस्ता भए पनि देशको प्रमुख कार्यकारी अर्थात् प्रधानमन्त्रीको हैसियतले भदौ २३ र २४ का घटना बारेका प्रश्नहरू उनीतर्फ पनि तेर्सिएका छन्, र यसको उपयुक्त जवाफ कुनै न कुनै समयमा उनले दिनुपर्नेछ ।

**प्रश्न चार: तम्रा सुईना अब हाम्मा सुईना**

'के छन् हालचाल, निकै छौ कि नाई'! बेलि छकाल्यै एउटा सुईना देख्याँ थें, सुदूरपश्चिम बनेको, देश बनेकोह त्यो सपना पूरा गर्न्या हो... बोहोराजी बुझ्या छौ कि नाई... सुदूर अब दूर नाई, झिक्कझिक्कै माया तम्लाई' भन्दै सुदूर पश्चिमको धनगढीमा आयोजित आमसभाका सहभागीलाई उनले बोलीचाली, भाषा र संस्कृतिका माध्यमबाट जनमत आफ्नोतर्फ, अर्थात् रास्वपातर्फ तान्ने प्रयास गरेका थिए । भाषा र संस्कृतिसँग समाजको कति गहिरो सम्बन्ध हुन्छ भन्ने कुरा उल्लेख गरिरहनुपर्दैन जस्तो लाग्छ । कोहलपुर-वनवासा सडकखण्ड निर्माण र कर्णाली चिसापानी पुल कहिले सम्पन्न होला भनेर सुईना (सपना) देख्दै-देख्दै थाकेको पुस्ता पनि त्यही आमसभामा थियो, र निर्माण सम्पन्न भइसकेपछि त्यसको उपभोग गरिरहेको पुस्ता पनि त्यही उपस्थित थियो । सम्भवत: रास्वपाले यी दुई पुस्ताको मत यसरी प्रकट हुन्छ भन्ने सोचेको थिएन होला, तर त्यस्तै भयो ।

सुदूरपश्चिम र कर्णालीले समग्र समन्यायिक विकासको प्रश्न निरन्तर उठाउँदै आएका क्षेत्र हुन् । सामाजिक तथा भौतिक पूर्वाधारको विकासमा अत्यन्त पछाडि परेका यी क्षेत्र अझै पनि सुरक्षित र पहुँचयोग्य रूपमाराष्ट्रिय विकासको मूलप्रवाहीकरणमा जोडिन सकेका छैनन् । प्रतिव्यक्ति आय, बहुआयामिक तथा निरपेक्ष गरिबी, औसत आयु, मातृ मृत्युदर, बाल मृत्युदर, कुपोषण, नवजात शिशु मृत्युदर, आधारभूत शिक्षा, खानेपानी तथा सरसफाइ जस्ता सूचकहरूमा देखिएका गम्भीर समस्याको समाधानका लागि अब प्रश्न होइन, जवाफ दिनुपर्ने अवस्था आएको छ ।

वर्षौंदेखि यी क्षेत्रका विद्यार्थी, अभिभावक र पेशाकर्मीले निरन्तर प्रश्न उठाउँदै आएका छन् । ती प्रश्नहरूको कति सम्बोधन भयो वा भएन भन्ने लेखाजोखा छुट्टै गरौंला । तर बालेन शाहले उठाएका प्रश्नलाई रुचिपूर्वक सुनेका मतदाताले बेलि छकाल्यै देखेको सुईनालाई जवाफदेही रूपमा कार्यान्वयन गर्नका लागि मार्गप्रशस्त गरि दिएका छन् । त्यसैले अब उनले फेरि सुदूरपश्चिम, कर्णाली वा मधेश जाँदा प्रश्न होइन, जवाफदेहिता बोकेर जानुपर्नेछ र त्यसको उत्तर दिनुपर्नेछ ।

**प्रश्न पाँच: सार्वजनिक सम्पतिको संरक्षण र प्रभावकारी सदुपयोग**

भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा मुलुकको मुख्य प्रशासनिक केन्द्र सिंहदरबार, सर्वोच्च अदालत लगायतका राष्ट्रिय सम्पत्तिको सुरक्षा र संरक्षणका लागि कुनै पहलकदमी मात्र होइन, चासो समेत नदेखाएको आरोप बालेन साहमाथि लाग्ने गरेको छ, जब उनी काठमाडौं महानगरपालिका प्रमुखको भूमिकामा थिए । यति मात्र होइन, उनले भित्रभित्रै प्रदर्शनकारीलाई भड्काउने गरेको समेत टिप्पणी हुने गरेको छ । अब जेन-जी प्रदर्शनको पूर्ण रूपमा अपनत्व लिएर रास्वपा निर्वाचनमा होमिएको विषयबारे धेरै चर्चा गरिरहनु परेन । तर त्यसबाट पुगेको क्षतिको जवाफ भने प्रधानमन्त्री बालेन शाह र उनको पार्टीले दिनुपर्नेछ । यस प्रदर्शनबाट मुलुकले ८४ अर्ब ४५ करोड ७७ लाख बराबरको भौतिक क्षति बेहोर्नु परेको छ । यो कुल गार्हस्थ्य उत्पादनको १.३८ प्रतिशत र चालु आर्थिक वर्षको ४.३० प्रतिशत हुन आउँछ ।

सिंहदरबार र काठमाडौं महानगरपालिका बीचको निरन्तरको द्वन्द्व अब कसरी अगाडि बढ्छ, र सार्वजनिक सम्पत्ति तथा साधन-स्रोतको संरक्षण र प्रभावकारी सदुपयोगका लागि कार्ययोजना कसरी बनाइन्छ भन्ने प्रश्न महत्वपूर्ण छ । यसको भरपर्दो र विश्वासिलो आधार तयार गरेर उनीमाथि उठेका प्रश्नहरूको सही जवाफ दिनुपर्नेछ । अहिले उनले प्राप्त गरेको जनमतलाई सही ढंगले सदुपयोग गर्न सकेको खण्डमा यसको जवाफ दिन कठिन पर्ने छैन ।

**प्रश्न ६: आवाज र सुशासन**

नेपाली शब्दकोशले 'आवाज'लाई सुन्न सकिने ध्वनि वा स्वरका रूपमा व्याख्या गरेको छ । तर यही शब्द अंग्रेजी सन्दर्भमा विचार, राय वा भावना व्यक्त गर्नु तथा निर्णय प्रक्रियामा तिनलाई यथोचित रूपमा सम्बोधन गर्नु भन्ने अर्थमा पनि प्रयोग हुन्छ । अर्कोतर्फ, आधुनिक सुशासनको परिधिभित्र 'आवाज' र 'जवाफदेहिता'लाई आधारभूत तत्वका रूपमा परिभाषित गरिएको पाइन्छ । मूलत: आवाज ती वर्ग र समुदायले उठाउँछन्, जो सधैं आफू संरचनात्मक बहिष्करणमा परेको, आफ्ना आवाजको शून्य सुनुवाइ भएको र संस्थागत रूपमा निरन्तर अन्याय भोग्नुपरेको महसुस गर्छन् । त्यस्ता व्यक्ति, समूह वा समुदाय आफ्नो सहभागिता, प्रतिनिधित्व र निर्णय प्रक्रियामा पहुँच स्थापित गर्न संघर्षरत हुन्छन् ।

तर काठमाडौं महानगरपालिकाका तत्कालीन प्रमुख बालेन शाहले उठाएका आवाजहरू मुख्यत: जवाफदेहिता, सुशासन, भ्रष्टाचारमा शून्य सहनशीलता, सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता, विधिको शासन, मर्यादित रोजगारी, सरकारको प्रभावकारिता, राजनीतिक स्थायित्व, वित्तीय तथा विकास अनुशासन र जनउत्तरदायी कार्यशैलीसँग सम्बन्धित छन् । यी प्रश्नहरू निरन्तर सिंहदरबारतर्फ सोझिएका थिए, जसलाई नेपाली जनताले फागुन २१ गते अभूतपूर्व रूपमा जन-अनुमोदन गरेका छन् ।

अब यी आवाजहरू सुन्ने, बुझ्ने र निर्णय लिने केन्द्रमा बालेन शाह पुगेका छन् । त्यसैले अब उठेका प्रश्न र आवाजहरूको जवाफ पनि उनले नै दिनुपर्नेछ । सही अर्थमा सुशासन, विधिको शासन र काम गरेर खान पाउने वातावरणका लागि तिर्खाएको नेपाली जनताले समाधानको अपेक्षा सहित आफ्नो मत व्यक्त गरेको छ भन्दा गलत नहोला । शासन सत्ताका लागि ५२ सदस्यीय मन्त्रिमण्डल, सांसदहरूको बहीखाता र केही सांसद भए पनि दललाई चिराचिरा पार्ने विकृत राजनीतिक परिदृश्य हेर्न र सहन बाध्य नेपाली समाजले राजनीतिक स्थिरता, राष्ट्रिय सुरक्षा र एकता, राष्ट्रिय अखण्डता तथा सार्वभौमिकताको रक्षा गर्दै समृद्धि र स्थायित्वको पक्षमा आफ्नो अभिमत प्रकट गरेको छ । यसले निरन्तर रूपमा यी प्रश्न र आवाजहरू उठाइरहने संकेत पनि दिएको छ । अब उनले यी प्रश्न र आवाजलाई कसरी बुझ्छन् र ग्रहण गर्छन्, त्यसैले उनको भविष्य निर्धारण गर्नेछ ।

अन्त्यमा, नेपालको आधुनिक राजनीतिक इतिहासमा अभूतपूर्व जनमत प्राप्त गरी हालसम्मकै सबैभन्दा युवा प्रधानमन्त्रीका रूपमा देशको बागडोर सम्हाल्ने अवसर प्राप्त भएको छ । यस ऐतिहासिक अवसरलाई सही ढंगले सदुपयोग गर्दै मुलुकको सर्वोपरि हितमा काम हुने विश्वास नेपाली जनतामा रहेको छ । उक्त विश्वासलाई निराशातर्फ धकेल्न नदिई देशलाई नयाँ गति दिनु बालेन नेतृत्वको सरकारको अभिभारा हो । यो अभिभारा पूरा गरे मात्र आफूमाथि आउने प्रश्नबाट जोगिन सकिनेछ ।

*(साभार: अनलाइनखबर)*

# २१औँ शताब्दीको भूराजनीतिक मोडमा नेपाल

✍ बलराम बास्कोटा

२१औँ शताब्दीको तेस्रो दशकमा विश्व व्यवस्था अभूतपूर्व संक्रमणकालबाट गुज्रिरहेको छ । सोभियत संघको विघटनपछि स्थापित एकध्रुवीय विश्वको अवस्था र व्यवस्था क्रमश: कमजोर हुँदै गएको छ भने 'ग्लोबल साउथ' का राष्ट्रहरूको उदयले बहुध्रुवीयताको नयाँ स्वरूपलाई जन्म दिएको छ । यसै सन्दर्भमा, नेपालमा भर्खरै सम्पन्न निर्वाचन पछिको नेपालको आन्तरिक राजनीतिक परिदृश्य र बाह्य सम्बन्धले नयाँ आयाम सिर्जना गरेको छ । हिमालदेखि तराईसम्म सात प्रदेशमा फैलिएको यो भूपरिवेष्टित राष्ट्र नेपालका लागि कूटनीतिक चातुर्यता अहिलेको प्रमुख आवश्यकता हो । यस आलेखमा नेपालको वामपन्थी आन्दोलनको ऐतिहासिक पृष्ठभूमि, ०८२ को निर्वाचनको सन्देश, भू-राजनीतिक जटिलता, संघीयताको वर्तमान अवस्था र भविष्यको बाटोका बारेमा विश्लेषण गर्ने प्रयास गरिनेछ ।

**नेपाली समाजको रूपान्तरण**

नेपालको राजनीतिक इतिहासलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिले हेर्दा, यहाँका हरेक परिवर्तन उत्पादनका साधनमाथिको नियन्त्रण र सामाजिक सम्बन्धको टकरावबाट निर्देशित छन् । ००७ सालको राणा विरोधी आन्दोलन, ०३६ र ०४६ सालको जनआन्दोलन, ०५२ सालको जनयुद्ध र ०६२/०६३ को दोस्रो जनआन्दोलनले नेपाली समाजलाई सामन्तवादको जालोबाट मुक्त गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रसम्म पुऱ्यायो । तर, समाजवादको यात्रा अपूर्ण रह्यो । संविधानमा उल्लेखित 'समाजवाद उन्मुख' राज्यको अवधारणालाई व्यवहारमा उतार्ने प्रश्नमा राजनीतिक जटिलताको हाउगुजी सिर्जना गरियो । वाम तथा लोकतन्त्रवादी शक्तिहरू यसबाट मुक्त हुन सकेनन् । वर्तमान नेपाली समाज दलाल पुँजीवाद, रेमिट्यान्समा आधारित अर्थतन्त्र र राज्यसँगको अस्पष्ट सम्बन्धको संक्रमणकालमै रह्यो । लेनिनको भनाइ, 'क्रान्तिकारी सिद्धान्त बिना क्रान्तिकारी आन्दोलन सम्भव छैन' भन्ने उक्तिलाई बाम राजनैतिक नेताहरूले फदयांगम गर्न सकेनन् वा चाहेनन् । यसर्थ नेपालका वामपन्थी पार्टीहरू दलाल पुँजीको चक्रब्युहबाट उम्कन सकेनन् ।

नेपालका वामपन्थी शक्तिहरू संसदीय अभ्यासलाई नै अन्तिम लक्ष्य मान्ने कि यसलाई सामाजिक न्याय र समतामूलक समाज निर्माणको साधनका रूपमा लिएर समाजवाद निर्माणको गन्तव्य तिर अघि बढ्ने भन्नेमा भ्रमित भइरहे । यसका लागि उत्पादनका साधनमाथिको नियन्त्रण, राज्यको भूमिका र तिन खम्वे अर्थतन्त्रको विकास जस्ता संरचनागत विषयमा स्पष्ट धारणा राख्न चाहेनन् र सकेनन् । फलत: ०८२ को निर्वाचनमा लज्जाजनक पराजय भोग्नु पऱ्यो । हालै सम्पन्न निर्वाचनका नतिजाहरूले नेपाली मतदाताको मनोविज्ञानमा आएको आवेग, आक्रोश र परिवर्तनलाई संकेत गर्छ ।

क्रमश: पृष्ठ-३....

# कर्मचारीका दलीय ट्रेड युनियन खारेजीको घोषणाले तरंग



काठमाडौं/रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहको नेतृत्वमा सरकार गठन भएकै दिन मन्त्रिपरिषद्ले स्वीकृत गरेको शासकीय सुधार सम्बन्धी १०० कार्यसूचीहरूको १२ औं नम्बरमा 'सार्वजनिक प्रशासनमा दलीय ट्रेड युनियन खारेज गरी अवाञ्छित हस्तक्षेप र अनौपचारिक दवावको अन्त्य गर्दै निर्णय प्रक्रिया तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने' भनिएको छ ।

सरकारले सार्वजनिक प्रशासनलाई पूर्णतः राजनीतिक हस्तक्षेपबाट मुक्त गर्दै निश्पक्ष, तटस्थ र नागरिकप्रति उत्तरदायी बनाउन यस्तो व्यवस्था गर्न लागेको भनेको छ । उसले भनेको छ, 'निजामती कर्मचारी, शिक्षक, प्राध्यापक तथा सबै राष्ट्रसेवकले कुनै पनि दल, समूह वा स्वार्थकेन्द्रसँग प्रत्यक्ष वा अप्रत्यक्ष आवद्धताबाट मुक्त भई कार्यसम्पादन गर्न अनिवार्य गर्ने र उल्लंघन भएमा प्रचलित कानुनबमोजिम कडाइका साथ विभागी कारबाही गर्ने ।'

सार्वजनिक प्रशासनको दलीय ट्रेड युनियन खारेज गर्ने विषयमा दुई थरी मत आउन थालेका छन् । प्रशासनविद्, पूर्व कर्मचारीहरू सरकारको यो निर्णयको पक्षमा देखिएका छन् भने ट्रेड युनियनमा आवद्ध कर्मचारीहरूले यसको विरोध गरेका छन् ।

प्रशासनविद् काशीराज दाहाल ट्रेड युनियन खारेज गर्ने विषय सबैले भन्दै आएको तर हटाउन नसकेको बताउँछन् । 'सबै दलहरूले सरकार चलाउँदा ट्रेड युनियनले के के गर्छ भन्ने अनुभव गरिसकेकै थिए, हटाउन मात्र सकेका थिएनन्' उनी भन्छन्, 'दलीय ट्रेड युनियन हटाउने निर्णय स्वागतयोग्य छ, यो भन्दै आएको कुरा हो, यसलाई कार्यान्वयन लैजानु पर्दछ ।'

कतिपय पूर्वकर्मचारीले समेत पार्टी निकट युनियन आवश्यक नभएको बताएका छन् । आवकाश प्राप्त नापी अधिकृत शैलेन्द्र सिंह दलसम्बद्ध युनियन नहटाई निजामती प्रशासनमा सुधार आउने संभावना देख्दैनन् । उनी भन्छन्, 'पार्टी होइन गुट अनुसारका युनियन पनि देखियो, आधिकारिक ट्रेड युनियन राख्दा हुन्छ । तर पार्टी निकट युनियन जति छिटो हटायो सबैका लागि त्यति राम्रो हुन्छ ।'

### दलसम्बद्ध युनियनहरू कानुनी परामर्शमा

विभिन्न दल निकट कर्मचारीहरूको राष्ट्रिय ट्रेड युनियन सञ्जालमा नेपाल निजामती कर्मचारी युनियन, नेपाल निजामती कर्मचारी संगठन, नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन, एकीकृत सरकारी कर्मचारी संगठन, मधेशी निजामती कर्मचारी मञ्च र स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन आवद्ध छन् । निजामती कर्मचारी युनियनका अध्यक्ष उत्तम कटुवाल सरकारको निर्णयपछि आफूहरूले आन्तरिक परामर्शमा गरिरहेको बताउँछन् ।

उनी भन्छन्, 'हामी मिडियाले भने जस्तो दलगत ट्रेड युनियन होइनौं । कानुनले परिभाषित गरेको राष्ट्रिय स्तरको ट्रेड युनियन हौं ।' मधेशी कर्मचारी मञ्चका अध्यक्ष लालबाबु यादव पनि आफ्नो मञ्चलाई दलीय संगठन मान्न तयार छैनन् । २०६५ माघमा दर्ता भएको यो मञ्च संगठन मधेशी, थारु, मुस्लिम, दलित कर्मचारीको हक हितका लागि बनेको उनको दाबी छ ।

यादव भन्छन्, 'दलीय संगठन हुनु राम्रो होइन तर हाम्रो जस्तो कर्मचारीको हकहितका लागि बनेका संगठन चाहिन्छ ।' निजामती कर्मचारी संगठनकी अध्यक्ष भवानी न्यौपाने दाहाल कानुनी परामर्श गरिरहेको र सबै ट्रेड युनियनले संयुक्त धारणा सार्वजनिक गर्ने तयारीमा रहेको बताउँछिन् । सरकारको यो निर्णयप्रति आफूहरू सहमत नभएको उनको भनाइ छ ।

'ट्रेड युनियनको अधिकार हामीले लडेर प्राप्त गरेका हौं । यसका लागि कयौं साथीहरूले जागिर गुमाउनु भएको छ । कमीकमजोरी भएका ठाउँमा सच्याएर जान तयार छौं तर कुनै हालत खारेज गर्नु हुँदैन,' अध्यक्ष दाहाल भन्छिन् ।

### दायित्व बिर्सेका कर्मचारी युनियनहरू

दलसम्बद्ध कर्मचारी संगठनहरूको बोलबाला बढ्न थालेको २०४८ सालपछि हो । २०४८ को निर्वाचनपछि बनेको नेपाली कांग्रेस नेतृत्वको सरकारले कर्मचारीको आन्दोलनका क्रममा कारबाहीमा परेका झण्डै एक हजार कर्मचारीको कारवाही फिर्ता लिने निर्णय गरेको थियो । दलीय संगठन बनेपछि कर्मचारीले राजनीतिक नेतृत्वलाई गन्न छोडेको सम्बद्धहरू बताउँछन् । उनीहरूका अनुसार युनियनका कतिपय पदाधिकारीले प्रधानमन्त्रीलाई समेत अटेरका दृष्टान्त समेत छन् । निवर्तमान प्रधानमन्त्री सुशीला कार्की स्वयंले कर्मचारीले नटेरेको बताएकी थिइन् ।

लोकसेवा आयोगका पूर्वअध्यक्ष उमेशप्रसाद मैनालीले २०४६ सालको परिवर्तनपछि कर्मचारी आन्दोलन चर्काउने र यसलाई तुहाउने नाममा दलपिच्छेका कर्मचारी संगठनहरू गठन गरिएको उल्लेख गरेका छन् । तीन दशक भन्दा बढी निजामती सेवामा बिताएका मैनालीले आफ्नो पुस्तक 'सुनेको शासन, भोगेको प्रशासन' मा भनेका छन्, 'यिनीहरूको आफ्नो वर्गको सेवासुविधा र सुरक्षा तथा हकहितमा काम गर्ने मुख्य दायित्व विर्सेर सरुवा बढुवामा ध्यान दिन थाले र दलहरूले पनि यिनीहरूकै सिफारिस सुने । यसले तहगत सोपानमा हुने सामान्य अनुशासन पनि कायम हुन सकेन ।'

राजनीतिक दलहरू मध्ये पनि नेकपा एमालेको कर्मचारी संगठनको प्रभाव बढी देखिएको मैनालीको बुझाइ छ । उनले पुस्तकमा भनेका छन्, 'यसमा एमाले अरु दलभन्दा अगाडि देखियो । कांग्रेसमा नाता सम्बन्धले बढी काम गरेको देखियो भने एमालेमा दलगत आस्थाको आधारमा काम हुन थाल्यो । एमालेको प्रशासनमा दलगत आपैनिवेशीकरण गर्ने नीति स्पष्ट देखिन्थ्यो ।'

### कसरी हुन्छ खारेज गर्ने निर्णय कार्यान्वयन ?

संविधानको धारा ३४ (३) मा 'प्रत्येक श्रमिकलाई कानुन बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्ने हक हुने' भनिएको छ । त्यस्तै, निजामती कर्मचारी ऐन, २०४९ को दफा ५३ मा निजामती कर्मचारीहरूको ट्रेड युनियन सम्बन्धी व्यवस्था छ । ट्रेड युनियन पक्षधरहरूले यही प्रावधानलाई देखाएर यस्ता संगठन राख्नुपर्ने तर्क गर्ने गरेका छन् । आधिकारिक निजामती कर्मचारी युनियनका पूर्व अध्यक्ष पुण्यप्रसाद ढकाल भन्छन्, 'व्यवस्थापन गर्ने पक्ष महत्त्वपूर्ण हो । आधिकारिक ट्रेड युनियन चाहिन्छ । संविधान राष्ट्रिय अन्तर्राष्ट्रिय कानुन अनुसार जानुपर्दछ ।'

संविधानविद् समेत रहेका प्रशासनविद् काशीराज दाहाल राष्ट्रिय-अन्तर्राष्ट्रिय कानूनहरूले श्रम र पुँजीको सन्दर्भमा मात्र ट्रेड युनियन अधिकार सुनिश्चित गरेको बताउँछन् । दाहाल भन्छन्, 'श्रम ऐन अनुसारको ट्रेड युनियन नचाहिने होइन तर नीति निर्माणमा काम गर्ने व्यक्तिहरूको ट्रेड युनियन हुँदैन । त्यसो भए छ न्यायाधीश र सुरक्षा निकायलाई पनि ट्रेड युनियनको अधिकार दिए भइहाल्यो नि ।'

सरकारले ४५ दिनभित्र संघीय निजामती सेवा विधेयक ४५ दिनभित्र तर्जुमा गर्ने भनेको छ । यसअघि संघीय संसद्मा पुगेको संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक निस्क्रिय भएको थियो । सरकारले स्वीकृत गरेर कार्यसूचीमा राखे पनि यसको कार्यान्वयन पक्ष चुनौतीपूर्ण रहेको जानकारहरू बताउँछन् । प्रशासनविद् दाहाल सरकारले खुट्टा नकमाएर यो निर्णय कार्यान्वयन गर्नुपर्ने बताउँछन् । उनी भन्छन्, 'सरकारले गरेको यो बोल्ड नीतिगत निर्णयलाई कानुनमा रुपान्तरण गर्नुपर्दछ ।'

(स्रोत: अनलाइनखबर)

# प्रधानमन्त्री शाहको राजनीतिक सल्लाहकारमा निर्देशक असिम नियुक्त



काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट प्रधानमन्त्री बनेका बालेन्द्र शाह (बालेन)को राजनीतिक सल्लाहकारमा फिल्म निर्देशक तथा निर्माता असिम शाह नियुक्त भएका छन् । प्रधानमन्त्रीको सचिवालयका अनुसार मन्त्रिपरिषद्को पहिलो बैठकले शाहलाई राजनीतिक सल्लाहकारमा नियुक्त गरेको हो । रास्वपाका नेता समेत रहेका उनी बालेन निकट मानिन्छन् ।

उनले रास्वपाका सभापति रवि लामिछाने र बालेन शाहलाई मिलाउन ठूलो भूमिका खेलेका थिए । उनीहरूबीच राजनीतिक एकता गर्ने निर्णय नै असिमको फिल्म तथा म्यूजिक निर्माण कम्पनी जी-ट्वान्टीवान प्रोडक्सनको कार्यालयमा भएको थियो । त्यसअघि उनको घरमा रवि र बालेनले करिब ६ घन्टा राजनीतिक सहकार्यबारे छलफल गरेका थिए ।

असिम पूर्वसमानुपातिक सांसद समेत हुन् । २०७९ सालमा उनी सांसद बनेका थिए । फिल्म क्षेत्रको प्रतिनिधित्व गर्दै सांसद बन्ने उनी पहिलो व्यक्ति हुन् । दर्जनौं व्यावसायिक विज्ञापन बनाइसकेका उनले सन् २०१७ मा फिल्म 'दुई रुपैयाँ' निर्देशन गरेका थिए । यो फिल्म व्यावसायिक रुपमा सफल भएको थियो । यसमा समावेश 'कुटुमा कुटु सुपारी दाना' गीत अझै पनि चर्चित छ ।

सन् २०१३ मा 'कर्कस' फिल्मको निर्माण समेत गरेका असिम सांसद बन्नुअघि दुई फिल्म 'शुभ विवाह' र 'डामाडोल' निर्माणको तयारीमा थिए । तर, उनी सांसद भएसँगै यी दुवै फिल्मको निर्माण अन्योल बन्यो । अब प्रधानमन्त्रीको राजनीतिक सल्लाहकारमा नियुक्त भएकाले उनी तत्काल निर्देशनमा फर्किने सम्भावना झिनो बनेको छ ।

# 'पाँच पाण्डव'मा इभा गिरीको प्रवेश, कसको बनिन् जोडी ?

काठमाडौं/दुई सातादेखि पूर्वको झापा जिल्लामा फिल्म 'पाँच पाण्डव'को छायांकन चलिरहेको छ । वसन्त निरौलाको निर्देशनमा बनिरहेको यस फिल्ममा निर्माताले छायांकनकै क्रममा थप दुईजना कलाकार भित्र्याएका छन् । फिल्ममा प्रशान्त ताम्राकार र इभा गिरी अनुबन्धित भएका हुन् । आइतबारबाट उनीहरूले आफ्नो भागको छायांकन सुरू गरिसकेका छन् ।

छायांकन सेटबाट प्राप्त तस्वीरमा प्रशान्त जुँगासहित शिरमा टोपी लगाएर आकर्षक लुक्समा देखिएका छन् । इभालाई भने हल्का सेतो रंगको कुर्थामा देख्न सकिन्छ । निर्माण पक्षले दुवैको भूमिकाबारे भने जानकारी गराएको छैन । अभिनयको हिसाबले इभाको यो दोस्रो फिल्म हो । कन्टेन्ट क्रिएटरको रुपमा चिनिएकी उनले 'नमेटिने घाउ'बाट फिल्ममा डेब्यू गरेकी थिइन् ।

नवीन श्रेष्ठ प्रस्तुतकर्ता तथा काली रानी श्रेष्ठ निर्माता रहेको





यस फिल्ममा प्रशान्त र इभासहित हरिवंश आचार्य, जितु नेपाल (मुन्द्रे), आर्यन सिग्देल, महेश त्रिपाठी, सागर लम्साल (बले), दीपाश्री निरौला, र जनी गुरुङ लगायतका कलाकारहरूको पनि अभिनय देख्न सकिनेछ । सुशील पौडेलको कथा, पटकथा तथा संवाद लेखन रहेको फिल्मलाई श्याम तामाङले छायांकन गरिरहेका छन् ।

निर्देशक निरौलाले फिल्मको शीर्षक 'पाँच पाण्डव' भए पनि यो कुनै धार्मिक वा पौराणिक कथामा आधारित नभएको बताएका छन् । उनका अनुसार यो पूर्ण रूपमा एक सामाजिक कथा हो । फिल्ममा महाभारतका पाँच पाण्डव (युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव)को विम्बलाई प्रयोग गर्दै समकालीन समाजको यथार्थ कथा भनिने उनले बताए ।

# नीताले अशोकलाई लिएर 'पार्वती' बनाउने, रक्षा बन्धनमा रिलिज

काठमाडौं/अभिनेत्री नीता ढुंगानाको डेब्यू निर्देशनमा बन्न लागेको फिल्म 'पार्वती'मा बाल गायक अशोक दर्जीले अभिनय गर्ने भएका छन् ।

आइतबार निर्माता कम्पनी नीता फिल्म्सले थिम पोस्टर सार्वजनिक गर्दै फिल्ममा अशोकको मुख्य भूमिका रहने जनाएको हो । फिल्ममा नीता स्वयंको पनि अभिनय रहनेछ । नीता र अशोकले यसअघि फिल्म 'मन बिनाको धन'मा सँगै काम गरेका थिए ।

फिल्ममा नीता र अशोक सहित दीपाश्री निरौला, सिरु बिष्ट, राधिका कँडेल, राज पंगेनी शर्मा, राजेन्द्र नेपाली, आशा पौडेल लगायतको पनि अभिनय रहने जनाइएको छ । यही चैत २४ गतेबाट छायांकन सुरु हुने यस फिल्मलाई रक्षा बन्धनको अवसर पारेर भदौ १२ गते प्रदर्शन गर्ने निधो समेत गरिएको छ । यही मितिमा अर्को फिल्म 'बेहुली' पनि प्रदर्शनमा आउँदैछ ।

निर्देशक ढुंगाना स्वयंको कथा तथा पटकथा लेखन रहेको यस फिल्मको संवाद शिवम् अधिकारीले तयार पारेका हुन् । सुदीप बरालको छायांकन तथा साहिल खानको सम्पादन रहने फिल्ममा डान्स ग्रुप 'कार्टुन क्रु'का सरोज अधिकारी क्रियटिभ निर्देशकको रूपमा छन् । प्रोडक्सन डिजाइनर तथा कार्यकारी निर्मातामा शंकर पाण्डे रहेका छन् ।

नीताले फिल्ममा पार्वती पात्र एक्लै आफ्नै दुनियाँमा जिउने खालको रहेको बताएकी छन् । फिल्मबारे उनी भन्छिन्, 'यो हास्य, भावना र सामाजिक सन्देश मिसिएको मनछुने कथा हो, जसमा एक साधारण पात्रको नजर बाट जीवनका रंग, सम्बन्धका मिठास र संघर्षका भाव दर्शाइनेछ ।' बुझिए अनुसार फिल्ममा उनी 'अटिजम' भएको युवतीको भूमिकामा देखिनेछिन् ।

# २१औं शताब्दीको भूराजनीतिक....

परम्परागत राजनीतिक शक्तिहरूले यस आवेगलाई विवेकको साँचोमा ढाल्न नसक्नुले र नयाँ उदय भएका वा गराइएका शक्तिहरूले संसदमा करिब दुईतिहाई मत ल्याए । जनता अब केवल 'आश्वासन' होइन, 'डेलिभरी' चाहन्छन् भन्ने कुरा अब वाम राजनैतिक शक्तिले बुझ्नै पर्छ ।

### पुस्तान्तरण र जेनजीको भूमिका

यस पटकको निर्वाचनमा युवा मतदाता, विशेषगरी डिजिटल प्रविधिमा अभ्यस्त पुस्ताको भूमिका निर्णायक देखियो । सामाजिक सञ्जाल केवल सूचनाको माध्यम मात्र रहेन, यो राजनीतिक एजेन्डा सेट गर्ने र जनमत निर्माण गर्ने प्रमुख थलो बन्यो । रोजगारी, डिजिटल पूर्वाधार, शिक्षा सुधार र जलवायु परिवर्तन जस्ता विषयहरू युवा मतदाताका प्राथमिकतामा परे भन्ने कुरा नेतृत्वलाई पटक्कै महसुस भएन । चुनावी घोषणापत्रहरूमा देखाउन खोजेको लोकप्रियतावादका बाबजुद सचेत नागरिकले दीर्घकालीन आर्थिक योजना र राष्ट्रिय स्वाधीनताका मुद्दालाई प्राथमिकता दिए । जातीय, भौगोलिक र सामाजिक विभाजनको राजनीति गर्ने दलहरूले अपेक्षित सफलता पाउन नसक्नुले पनि मतदाताको चाहना स्पष्ट रूपमा झल्काउँछ ।

### भू-राजनीतिक जटिलता

नेपालको अवस्थिति दुई विशाल छिमेकीहरूबिच मात्र सीमित छैन । अमेरिकाको 'इन्डो-प्यासिफिक रणनीति' को रणनीतिक संगमस्थल पनि बनेको छ । यस्तो अवस्थामा नेपालको तटस्थता र राष्ट्रिय हितको रक्षा कसरी गर्ने ? भन्ने ठूलो चुनौती हो । नेपालले आफ्नो राष्ट्रिय हितलाई केन्द्रमा राखेर दुवै छिमेकी चीन र भारतसँग सन्तुलित सम्बन्ध कायम राख्नुपर्छ । कृषि विकास, जलस्रोत र कनेक्टिभिटीमा छिमेकीहरूको सहयोग लिँदै गर्दा आफ्नो सार्वभौमिकतामा आँच आउन दिनु हुँदैन । यसका लागि मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) परियोजनाको चयन, ऋण व्यवस्थापन र कार्यान्वयनमा पारदर्शी र राष्ट्रिय हित केन्द्रित संस्थागत संयन्त्र आवश्यक छ ।

स्ट्रेट पार्टनरसिप प्रोग्राम (एसपीपी) लाई कुनै पनि हालतमा स्विकार्नु हुँदैन । भारतसँगको खुला सीमा, लिपुलेकको सन्दर्भ, जलस्रोत सम्झौता र ऊर्जा व्यापारमा पनि नेपालको वार्ता क्षमता बलियो बनाउनु अनिवार्य छ ।

### अन्तर्राष्ट्रिय ऐक्यबद्धता

साम्राज्यवादी हस्तक्षेपका विरुद्ध भेनेजुएलाको संघर्ष र प्यालेस्टाइनको आत्मनिर्णयको अधिकारजस्ता विषयमा नेपाल जस्तो असंलग्न राष्ट्रको स्पष्ट अडान हुन जरुरी छ । यसले विश्व मञ्चमा नेपालको नैतिक साख बढाउने मात्र होइन, संयुक्त राष्ट्र संघजस्ता बहुपक्षीय मञ्चहरूमा नेपालको प्रभावकारी उपस्थितिलाई समेत सहयोग पुऱ्याउँछ ।

तर, यस्ता अडानहरूलाई द्विपक्षीय सम्बन्धसँग सन्तुलन गर्ने कूटनीतिक चातुर्यता पनि उत्तिकै महत्त्वपूर्ण छ । विगतमा संयुक्त राष्ट्रसंघमा यूक्रेनको पक्ष लिएको घटना र इरानी नागरिकको 'अन अराइभल भिषा' नदिने नेपाल सरकारको निर्णय असम्लग्न परराष्ट्र नीति अनुकुल छैन् ।

### ५. संघीयता र स्थानीय सरकारः सुशासनको आधार

संविधानले परिकल्पना गरेको संघीयताको सफल कार्यान्वयन नै नेपालको विकासको साँचो हो । तर, केन्द्रिकृत मानसिकता, स्रोतको बाँडफाँडमा देखिएको अन्योल र क्षमता निर्माणको अभावले संघीयता माथि नै प्रश्न उठ्ने गरेको छ । स्थानीय सरकारलाई बलियो र आत्मनिर्भर बनाउन आवश्यक छ ।

आर्थिक आत्मनिर्भरता, कृषिमा आधुनिकीकरण, स्थानीय स्रोतको अधिकतम उपयोग र सहकारीहरूको संस्थागत विकास यसका मुख्य आधार हुन् । वामपन्थी दृष्टिकोणबाट हेर्दा, सहकारी र सामूहिक खेतीको अवधारणालाई स्थानीय तहबाटै प्रोत्साहन गरिनु पर्दछ । भूमि ब्यबस्थापन, कृषि ऋणको सहज पहुँच, प्रत्येक कृषि उपजको समर्थन मूल्य घोषणा, बजारमा समानुपातिक पहुँच सुनिश्चित गर्न सकियो भने मात्र यो सम्भव छ । यसले एकातिर बेरोजगारी अन्त्य गर्छ भने अर्कोतिर देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउँछ । जवाफदेहिताको ढाँचा स्पष्ट हुनुपर्छ । संघीयताको सफलताका लागि यो संरचनागत पक्ष सबैभन्दा महत्त्वपूर्ण छ ।

### प्रविधि र सामाजिक परिचालन

डिजिटल युगमा 'प्रोपागान्डा' को प्रतिकार गर्न र आधारभूत तहका मानिसहरूको आवाजलाई मूलधारमा ल्याउन प्रविधिको प्रयोग अपरिहार्य छ । निर्वाचन अभियानहरूमा देखिएको सामाजिक सञ्जालको प्रभावलाई अब नीति निर्माण र जनचेतनाका लागि प्रयोग गरिनुपर्छ । तर, यसका लागि केवल प्रविधिको प्रयोग मात्र पर्याप्त छैन । डिजिटल पूर्वाधारलाई सार्वजनिक सेवाको रूपमा स्थापित गर्ने, सञ्चार माध्यमको सार्वजनिक स्वामित्व र सूचनाको अधिकारको प्रभावकारी कार्यान्वयन जस्ता विषयहरू पनि वामपन्थी राजनीतिको अनिवार्य एजेन्डा हुनुपर्छ ।

यसका साथै नेपालका बामपन्थीहरुले उठाउनु पर्ने महत्त्वपूर्ण विषय राष्ट्रको डेटा सुरक्षा हो । वर्तमान सरकारले डिजिटल कार्यव्यवहारलाई प्राथमिकतामा राखेसँगै डिजिटल सुरक्षाको राष्ट्रिय रणनीति र क्षमता के हो भन्नेबारेमा पनि त्यति नै चनाखोगरी अभियान र खबरदारी गर्नु पर्नेछ ।

### वैचारिक जागरणको सान्दर्भिकता

गत बर्ष फेब्रुअरी २१ मा मनाइएको 'रेड बुक डे' ले वैचारिक जागरणमा एउटा महत्त्वपूर्ण सन्देश दिएको छ । पुस्तक र विचार अझै पनि परिवर्तनका शक्तिशाली हतियार हुन् । त्यसैले आम जनसमुदायलाई मार्क्सवादी विचारबाट प्रशिक्षित गराइनु पर्छ । मार्क्सवाद जस्ताको तस्तै नक्कल गर्नु भन्दा पनि 'ठोस परिस्थितिको ठोस विश्लेषण' गर्दै त्यसलाई नेपाली परिवेशमा विकास गर्दै कार्यान्वयन गर्नु आवश्यक छ ।

(साभार: रातोपाटी)

# मन्त्रीहरु पुल्चोक क्वाटरमा सर्ने तयारी पछि न्यायाधीशहरुलाई नैतिक संकट

काठमाडौं/सरकारले नवनियुक्त मन्त्रीहरुलाई पुल्चोकस्थित क्वाटरमा व्यवस्थापन गर्न थालेपछि त्यहाँ बसिरहेका केही न्यायाधीशहरु 'बसाइँ सर्ने' योजना बनाउन थालेका छन् । केहीले अस्थायी रुपमा भए पनि क्वाटर छाड्ने तयारी गरेका हुन् । एउटै कम्पाउण्डभित्रको क्वाटरमा कतै न्यायाधीशहरु बस्ने र कतै मन्त्रीहरु रहने अवस्था स्वाभाविक नहुने र त्यसबाट न्यायसम्पादनमा असर पर्नसक्ने भन्दै उनीहरुले वैकल्पिक योजनाको तयारी थालेका हुन् ।

ललितपुरको भैंसेपाटीमा सुविधासम्पन्न मन्त्री निवास बनेपछि पुल्चोक निवासबाट मन्त्रीहरु भैंसेपाटी सरेका थिए । पुल्चोकको निवासमा भने न्यायाधीशहरु बस्दै आएका छन् । जेनजी आन्दोलनका बेला भएको आगजनीले ललितपुरको भैंसेपाटीस्थित नवनिर्मित मन्त्रीनिवास क्षतिग्रस्त बनेको छ । त्यहाँ रक्षामन्त्री बसेको बाहेक सबै घर बस्न नमिल्नेगरी क्षतिग्रस्त भएको थियो ।

जेनजी आन्दोलनपछि बनेको अन्तरिम सरकारका सबै मन्त्रीहरुले आ-आफ्नो निवासलाई नै मन्त्रीक्वाटर बनाएका थिए । तत्कालीन युवा मन्त्री बब्लु गुप्ताले मात्रै भैंसेपाटीको त्यो सग्लो भवन प्रयोग गरेका थिए । 'अहिले पुल्चोकस्थित क्वाटरमा रहेकामध्ये कम्तिमा पनि पाँचवटा घर मर्मत र रंगरोगन चलिरहेको छ । अब छिट्टै केही मन्त्रीहरु त्यहाँ बसाइँ सर्ने थाहा पाएका छौं,' सर्वोच्च अदालतका एक न्यायाधीशले भने, 'हामी बाहिर बस्नेहरुलाई समस्या छैन, तर त्यहाँ बस्ने न्यायाधीशहरुले असहज महसुस गर्न थाल्नुभएको छ ।'

### आचारसंहिता आकर्षित

कतिपय न्यायाधीश बस्ने निवाससँगैको अर्को कम्पाउण्डमा मन्त्री बस्ने तयारी भएको छ । सँधियारको मुद्दा हेर्न नमिल्ने प्रचलित अभ्यास अनुसार, ती मन्त्रीहरु जोडिएको मुद्दा पेशीमा परे के गर्ने भन्नेबारे अन्यौल भएको ती न्यायाधीशले बताए । सँगैको निवासको बसाइँ, हिँड्डुलका क्रममा हुने भेटघाट र बोलचाल एवं अन्य व्यवहारले न्यायसम्पादनका काम कठिनाइ हुने ती न्यायाधीशले बताए ।

'त्यस्तो बसाइँ आचार संहिता पालनासँग पनि जोडिने विषय भएकाले उहाँहरुलाई त्यहाँ बसिरहन कठिन हुने देखियो,' ती न्यायाधीशले भने, 'बसिरहेको ठाउँ छाडेर हिँड्न पनि अप्ठेरो हुने भएकाले अन्यौल भएको छ ।' हरिहरभवन कम्पाउण्डसँग जोडिएको पुल्चोकस्थित क्वाटरभित्र अहिले १९ वटा भवनहरु छन् । प्रधानन्यायाधीश बालुवाटारस्थित निवासमा रहने र कतिपय न्यायाधीशहरु आफ्नै घरमा बस्ने भएकाले पुल्चोकस्थित कम्पाउण्डभित्र रहेका सबै निवासहरु प्रयोग भएका छैनन् ।

प्रयोग नभएर खाली भएका क्वाटरहरुमा नवनियुक्त मन्त्रीहरुले बस्ने योजना बनाएका हुन् । मर्मतसम्भारको काम शुरु हुन थालेपछि न्यायाधीशहरु सशंकित भएका हुन् । पुल्चोकस्थित निवासमा बसिरहेका एक न्यायाधीशका अनुसार, त्यहाँ रहेका न्यायाधीशहरुले दुई विकल्पमा छलफल गरिरहेका छन् ।

(स्रोत: अनलाइनखबर)

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# ३ दर्जन बढी सार्वजनिक निकाय पुनरावलोकन गर्न सिफारिस

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/ तीन दर्जनभन्दा बढी संस्थाबारे पुनरावलोकन गर्न सरकारलाई उच्चस्तरीय अध्ययन समितिले सिफारिस गरेको छ ।

सुशासन मार्गचित्र अध्ययन समितिले शासकीय सुधारका लागि सार्वजनिक निकायको पुनर्संरचना गर्नुपर्ने सिफारिस गरेको हो । अघिल्लो सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय महाशाखा हेर्ने सचिव गोविन्दबहादुर कार्कीको नेतृत्वमा समिति गठन गरेको थियो । यो समितिको प्रतिवेदन सार्वजनिक भएको छ । समितिले जेनजी आन्दोलनको मागअनुसार तयार पारेको प्रतिवेदनमा पूर्ववर्ती तीनवटा उच्चस्तरीय आयोगका सुझावलाई समेटेर पहिलोचरणमा १६ वटा संस्था गाभ्ने, खारेज गर्ने वा प्रदेश/स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने सिफारिस गरेको छ ।




समितिको प्रतिवेदन अनुसार कामको दोहोरोपना हटाउन, संघीयताअनुसार कार्यक्षेत्र बाँडफाँड गर्न र अनावश्यक संस्थाबाट राज्यको वित्तीय तथा प्रशासनिक बोझ घटाउन यस्तो पुनर्संरचना आवश्यक छ । प्रतिवेदनमा उल्लेख छ, 'मुलुक संघीय संरचनामा गएपछि संघले गर्दै आएका कतिपय काम प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्नुपर्छ र कुनै कालखण्डमा निश्चित प्रयोजनका लागि गठन भएका संस्था अब सान्दर्भिक नभए खारेज गर्नुपर्छ ।'

गाभ्नुपर्ने प्रमुख संस्था नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानलाई नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानसँग गाभ्ने, मुद्रण विभाग, कानून किताब व्यवस्था समिति र सुरक्षण मुद्रण विकास समितिलाई सुरक्षण मुद्रण केन्द्रमा गाभ्ने, नेपाल इन्टरमोडल यातायात विकास समितिलाई नेपाल पारवहन तथा नेपाल गोदाम व्यवस्था कम्पनी लिमिटेडसँग गाभेर प्राधिकरणमा रुपान्तरण गर्ने, न्याय सेवा तालिम केन्द्रलाई न्यायिक प्रतिष्ठानमा गाभ्ने, केन्द्रीय कानून पुस्तकालय विकास समितिलाई राष्ट्रिय पुस्तकालयसँग गाभ्ने, युवा तथा साना व्यवसायी स्वरोजगार कोष, महिला स्वावलम्बन कोष र स्टार्टअप उद्यम कर्जा कोषलाई एकीकृत गरी 'राष्ट्रिय उद्यमशीलता तथा स्वरोजगार कोष' स्थापना गर्ने, तराई मधेश समृद्धि कार्यक्रमलाई सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्दा उपयुक्त हुने भन्दै सरकारलाई अध्ययन समितिले सिफारिस गरेको छ ।

त्यस्तै, खारेज गर्नुपर्ने प्रमुख संस्थामा बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति खारेज गर्न भनिएको छ । यो निकायले गर्ने कार्य लुम्बिनी विश्वविद्यालय र पुरातत्व विभागमा सर्ने भनिएको छ भने न्यूनतम पारिश्रमिक निर्धारण समिति खारेज गर्न भनिएको छ । नेपाल रेल्वे बोर्ड खारेज गरेर उसले गरेका कार्य रेलवे विभागमा सर्न भनिएको छ ।

प्रतिवेदनअनुसार सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण खारेज गरे हुन्छ भने जग्गा विकास चक्रकोष, नगर विकास समिति खारेज गर्न भनिएको छ ।

बर्दिबास, बुटवल र सुर्खेत मेडिकल कलेजका पूर्वाधार निर्माण विकास आयोजनाहरु, राष्ट्रिय दुग्ध विकास बोर्ड खारेज गर्न भनिएको छ भने जिल्ला निर्वाचन कार्यालय खारेज गरी जिल्ला प्रशासन कार्यालयमा जिम्मेवारी हस्तान्तरण गर्न र प्रदेशस्तरमा प्रदेशिक निर्वाचन कार्यालय स्थापना गर्न सिफारिस गरिएको छ । प्रतिवेदन तयार पार्नुअघि डा. डिल्लीराज खनाल, पूर्वसचिव शंकर प्रसाद कोइराला र पूर्वअर्थसचिव रामेश्वरप्रसाद खनालको नेतृत्वमा गठित तीनवटा आयोगका सुझावलाई समेत समेटिएको छ ।

# हेटौंडा बचतको नवनिर्वाचित कार्यसमितिद्वारा पदभार



साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/हेटौंडा बचत तथा ऋण सहकारी संस्थाको नवनिर्वाचित कार्यसमितिले सपथ तथा पदभार ग्रहण गरेको छ ।

संस्थाको मुख्य कार्यालय हेटौंडा-७ नागस्वतीमा आयोजित कार्यक्रममा वडा नम्बर ७ का अध्यक्ष दामोदर गौतमको प्रमुख आतिथ्यतामा नवनिर्वाचित पदाधिकारी तथा सदस्यलाई निर्वाचन समितिका संयोजक वीरेन्द्रप्रसाद ढुंगानाले सपथग्रहण गराएका हुन् । अध्यक्षमा निर्वाचित राजु वाइबाले पदभार ग्रहण गर्दै संस्थाको साख अझ उचो बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले सहकारीलाई पारदर्शी, विश्वसनीय र सदस्यमुखी बनाउनेतर्फ आफ्नो कार्यकाल केन्द्रित गर्ने बताएका छन् ।

नयाँ कार्यसमितिमा उपाध्यक्षमा खडानन्द चौलागाई, सचिवमा युवराज गौतम र कोषाध्यक्षमा मोनिका पौडेल रहेका छन् । यस्तै सदस्यमा अम्बिका कार्की, ध्रुबकृष्ण कुँवर, उर्मिला चौलागाई, सरस्वती थापा र बिजयता सापकोटा रहेका छन् । लेखासमिति संयोजकमा विष्णुप्रसाद अर्जेल निर्वाचित हुँदा सदस्यमा सौरभ अधिकारी र कुसुम रिजाल रहेका छन् । ऋण उपसमितिका सदस्यमा कृष्णप्रसाद दाहाल र भक्तबहादुर केसी रहेका छन् ।

कार्यक्रममा प्रमुखअतिथि वडाअध्यक्ष गौतमले सहकारी संस्था स्थानीय अर्थतन्त्रको मेरुदण्ड भएकाले पारदर्शिता र उत्तरदायित्वका साथ काम गर्न सुझाव दिएका छन् । संस्थाको २५ वर्षे इतिहासमा पहिलोपटक निर्वाचनमार्फत् नेतृत्व चयन भएको हो ।

# सरकारको १०० दिने कार्यसूचीको उपेक्षामा वैदेशिक रोजगार

काठमाडौं । बालेन साह नेतृत्वको सरकारले आफ्नो १०० दिनमा गर्ने कार्यसूची सार्वजनिक गर्दा वैदेशिक रोजगार क्षेत्रलाई उपेक्षा गरेको छ । बालेन सरकारले १ सय दिनभित्र गर्ने १ सय वटा कामको सूची अनुसार राज्यबाट प्रवाह गरिने सेवा सुविधा सहज बनाउनेदेखि विभिन्न विषय समेटिएका छन् । तर, ७५ प्रतिशत घरधुरीसँग प्रत्यक्ष जोडिएको वैदेशिक रोजगार क्षेत्रलाई भने आफ्नो कार्यसूचीमा समावेश गर्न सकेन ।



सरकारले सार्वजनिक गरेको सूचीमा श्रम तथा वैदेशिक रोजगार क्षेत्र अप्रत्यक्ष रूपमा समावेश गरेको देखिन्छ । तर, ३० लाखभन्दा बढी वैदेशिक रोजगारीमा रहेका श्रमिकका हकहित तथा सुरक्षाका विषयलाई भने प्रष्ट ढंगबाट राखेको देखिँदैन । श्रम तथा आप्रवासन विज्ञ रामेश्वर नेपालले वैदेशिक रोजगार क्षेत्रलाई प्रत्यक्ष रूपमा उल्लेख नगरिएको बताए । 'एउटा चार-पाँच शब्दको वाक्यमा 'हामी वैदेशिक रोजगारी क्षेत्रमा रहेका विकृतिहरूलाई पनि एकदमै हस्तक्षेप गर्छौं' भन्ने खालको राखिदिएको भए एकदमै राम्रो हुन्थ्यो,' उनले भने, 'यो क्षेत्रलाई नै उपेक्षा गरेको हो कि जस्तो लाग्यो ।'

उनले 'यसको सुरुवात गर्छौं' भन्ने शब्द राख्न कन्जुस्याइँ गरेको उनको बुझाइ छ । 'मर्निङ शोज द डे' भन्ने प्रसिद्ध भनाइ अनुसार वैदेशिक रोजगार क्षेत्रको सुधारमा अपेक्षाकृत हुन नसकेको उनको बुझाइ छ । 'भ्वाइसलेस कम्युनिटी र माइग्रेसन पपुलेसन संख्या जोडदार छ, उनीहरूले विदेशबाट 'खबरदार है, यसपालि कांग्रेस-एमालेलाई भोट नहालौं' भनेर जुन अभियान चलाए, त्यो पपुलेसनलाई बिर्सिएको देखें,' उनले भने ।

सरकारले १ सय दिनभित्र गर्ने कामका अन्य सूचीबाट भने वैदेशिक रोजगार क्षेत्रमा देखिएका विकृति तथा विसंगति समेत सम्बोधन गर्ने देखिएको छ । देशमा रोजगारी सिर्जना, सिप विकास तथा उद्यमशीलता प्रवर्द्धन एकीकृत रूपमा सुदृढ गर्न शिक्षा मन्त्रालय अन्तर्गतको सीटीईभीटी, श्रम मन्त्रालय अन्तर्गतको व्यावसायिक तथा सिप विकास तालिम प्रतिष्ठान, उद्योग मन्त्रालय अन्तर्गत रहेको औद्योगिक व्यवसाय विकास प्रतिष्ठान एकीकृत रूपमा सञ्चालन गर्ने योजना छ ।

ती तीन वटै प्रतिष्ठानलाई एकीकृत गरेर ६० दिनभित्र 'रोजगार, सिप तथा उद्यमशीलता केन्द्र' का रूपमा रूपान्तरण गर्ने सरकारको कार्यसूची छ । उक्त केन्द्र रोजगार विहीनहरूको दर्ता र सार्वजनिक रोजगार कार्यक्रमका अतिरिक्त स्थानीय सिप तथा त्यसको माग नक्सांकन, तालिम समन्वय, उद्यमशीलता सहजीकरण तथा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको पुन: एकीकरण सम्बन्धी कार्य सञ्चालन गर्ने छ । त्यस्तै त्योबाहेक हाल मध्यपूर्वमा विकसित घटनाक्रमबाट नेपाल र नेपालीलाई परेको प्रभावबारे अध्ययन गर्न समेत एक कार्यदल गठन गरिने उल्लेख छ ।

मध्यपूर्वका देशहरूमा विकसित हुँदै गएको परिस्थितिका कारण नेपालमा आर्थिक, वैदेशिक रोजगारी, आपूर्ति शृंखला, ऊर्जा तथा सामाजिक क्षेत्रमा पर्न सक्ने बहुआयामिक प्रभावबारे मूल्यांकन गर्न कार्यदल गठन गर्ने कार्यसूचीमा समावेश गरेको हो ।

उक्त परिस्थितिका कारण नेपालीको आर्थिक र वैदेशिक रोजगारी, आपूर्ति शृंखला र ऊर्जा तथा सामाजिक क्षेत्रमा पर्ने प्रभावको समयमै मूल्यांकन तथा व्यवस्थापन गर्न परराष्ट्र, श्रम, अर्थ, उद्योग, आपूर्ति, ऊर्जा लगायतको प्रतिनिधित्व रहने गरी एक उच्चस्तरीय अन्तर-मन्त्रालय अध्ययन कार्यदल गठन गर्ने भएको हो ।

उक्त कार्यदलले विस्तृत अध्ययन गरी ७ दिनभित्र अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीतिगत तथा कार्यक्रमगत उपाय सहित प्रतिवेदन पेस गर्नुपर्ने छ । त्योबाहेक कार्यसूचीको बुँदा नम्बर १०, १३, १६, १८, १९, २१, २२, २३, २४, २६, २९, ३१, ३२, ३४, ३६, ४३, ५९, ९५ लगायतमा समेटिएका विषयले समेत प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा श्रम तथा वैदेशिक रोजगार क्षेत्रलाई सम्बोधन गरेको देखिन्छ ।

वैदेशिक रोजगार क्षेत्रका विषय प्रत्यक्ष नदेखिए पनि श्रम आप्रवासन क्षेत्रको भ्रष्टाचार, सुशासन लगायत विषयले समेत यो क्षेत्रलाई सम्बोधन गर्ने नेपालको भनाइ छ । बुँदा नम्बर १० मा सेवा प्रवाह सरल र छिटो बनाउने विषय उल्लेख छ । वैदेशिक रोजगारीमा जाने श्रमिकहरू पासपोर्ट बनाउदेखि लिएर श्रम स्वीकृति लिँदासम्म अनेक झन्झट भोग्दै आएका छन् । उक्त बुँदा अनुसार काम भएको खण्डमा त्यसबाट वैदेशिक रोजगारीमा जाने श्रमिकले सहजता पाउने देखिन्छ ।

त्यस्तै बुँदा नम्बर १३ मा रहेको कर्मचारीलाई अनुशासित र उत्तरदायी बनाउने विषयले समेत वैदेशिक रोजगार क्षेत्रसँग सम्बन्धित कर्मचारीलाई समेत अनुशासित र उत्तरदायी बनाइने छ ।

बुँदा नम्बर १६ मा रहेको कर्मचारी मूल्यांकनलाई परिणामसँग जोड्ने, सरकारी कार्यालयको मापदण्ड सुधार गरिने, कर्मचारी डिजिटल प्रोफाइल बनाइने, नागरिक सेवा केन्द्र स्थापना गरिने, सेवा प्रक्रिया पुनर्संरचना गरिने, २४ घण्टे गुनासो प्रणाली सुदृढ बनाइने, सबै सेवा एउटै प्ल्याटफर्मबाट उपलब्ध गराइने जस्ता विषयले समेत वैदेशिक रोजगारीमा जाने श्रमिकले समेत सहज सेवा पाउने नेपालको बुझाइ छ ।

श्रम विज्ञ नेपालले विभिन्न बुँदामा रहेका विषयले सेवाग्राहीले सेवा लिन जाँदा पाउने दु:ख तथा भोग्नुपर्ने पीडाको अन्त्य हुने अपेक्षा लिएको बताए । श्रम मन्त्रालयले योबाहेक अन्य १० योजना समेत बनाइरहेको छ । श्रम, रोजगार तथा वैदेशिक रोजगार क्षेत्रसँग सम्बन्धित १० योजना तयार भइरहेका हुन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले १०० दिने कार्यसूचीमा समावेश नभएका अन्य विषयको कार्ययोजना तयार भइरहेको बताए । कार्यसूचीमा समावेश गरिएको विषय तत्काल अघि बढाउने विषयमा मन्त्रालयमा छलफल अघि बढेको समेत उनको भनाइ छ । अन्य अन्तर मन्त्रालयसँग सम्बन्धित विषयलाई समेत अघि बढाउने गरी काम भइरहेको उनले बताए । 'अन्य मन्त्रालयसँग समेत जोडिएर गर्नुपर्ने विषयहरू छन्, त्यसका लागि छलफल गरिरहेका छौं, मन्त्रीज्यूले त्यसका लागि छलफल अगाडि बढाइराख्नुभएको छ,' प्रवक्ता घिमिरेले भने ।

*(स्रोत: अनलाइनखबर)*

# व्यक्तिका खाताको पैसा सरकारी कोषमा लैजान सम्भव छ ?

काठमडौं/प्रधानमन्त्री बालेन्द्र साह नेतृत्व सरकारले बैंक तथा वित्तीय संस्थामा १० वर्षसम्म निष्क्रिय भएको सर्वसाधारणको निक्षेप राज्यकोषमा लैजाने घोषणा गरेपछि बचतकर्ताहरू तरंगित बनेका छन् । सरकारको १ सय बुँदे शासकीय सुधार सूचीको ७८औं बुँदामा 'राज्यका निष्क्रिय स्रोतहरूको प्रभावकारी उपयोग गर्न १० वर्ष वा सोभन्दा बढी समयदेखि निष्क्रिय रहेका बैंक तथा वित्तीय संस्थाका खाताहरूको विवरण संकलन गरी हकवालाले दाबी नगरेको रकम कानुनी प्रक्रिया पूरा गरी राज्यकोषमा ल्याउने तथा अन्य स्रोतहरूको पहिचान गरी व्यवस्थापन गर्ने कार्य ९० दिनभित्र सम्पन्न गर्ने' उल्लेख छ ।

यसरी १० वर्षसम्म निष्क्रिय रहेका अर्थात् 'डर्म्यान्ट' खाताको रकम राज्यकोषमा लैजाने नीति सरकारले घोषणा गरेपछि लामो समयसम्म बैंक खातामा कारोबार नगरेका सर्वसाधारणले यसबारे चासो राख्न थालेका छन् । व्यक्तिका निजी खाता डर्म्यान्ट भएको १० वर्ष हुनेबित्तिकै त्यहाँ भएको पैसा राज्यकोषमा लैजान मिल्छ ? यस सम्बन्धमा कानुनी व्यवस्था के छ ? त्यो काम कसरी गर्न सकिन्छ ?

हुन त सरकारले बैंक तथा वित्तीय संस्थाको निष्क्रिय निक्षेप राज्यकोषमा लैजाने भने पनि आवश्यक कानुनी प्रक्रिया पनि पूरा गर्ने भनेको छ । तर, खाता निष्क्रिय भए पनि सर्वसाधारणको पैसा भएकाले राज्यकोषमा लैजान सहज नभएको पूर्वबैंकर भुवनकुमार दाहालले बताए । सरकारले १० वर्षसम्म निष्क्रिय रहेको निक्षेपलाई राज्यकोषमा लैजाने भनेको छ । त्यसका लागि निक्षेपकर्ता वा निक्षेपकर्ताको हकवालाले माग गरेको खण्डमा फिर्ता गर्ने व्यवस्था समेत मिलाइ राज्यले प्रयोग गर्न सक्ने दाहालको भनाइ छ ।

'सरकारले विद्यमान अवस्थामा १० वर्ष वा त्यसभन्दा बढी समय निष्क्रिय खातामा रहेको रकम परिचालन गर्न सक्दैन,' उनले भने, 'त्यसो गर्ने हो भने कानुनमा आवश्यक संशोधन गर्नुपर्ने हुन्छ ।' निक्षेपकर्ता वा हकवालाले दाबी गरेको अवस्थामा फिर्ता पाउने गरी त्यस्तो वित्तीय स्रोतलाई विकास निर्माणमा परिचालन गर्नु फलदायी नै हुने उनले बताए । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ११२ मा बैंक वा वित्तीय संस्थाले १० वर्षदेखि चल्ती नभएको वा यस ऐन बमोजिम हक दाबी नपरेको निक्षेप खाताहरूको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र राष्ट्र बैंकमा पठाउनुपर्ने उल्लेख छ ।

त्यसैगरी बैंक वा वित्तीय संस्थाले रकम लिन आउने सूचना प्रत्येक पाँच वर्षमा एक पटक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने व्यवस्था छ । त्यसको विस्तृत विवरण बैंक वा वित्तीय संस्थाले आफ्नो वेबसाइटमा समेत राख्नुपर्ने छ ।

'२० वर्षसम्म लिन बुझ्न नआए सो रकम राष्ट्र बैंकको बैंकिङ विकास कोषमा जम्मा गरी बैंकिङ विकासमा प्रयोग गरिने छ,' ऐनमा उल्लेख छ । सरकारले ऐनको यो व्यवस्था संशोधन गरी राज्यकोषमा लैजान सक्ने व्यवस्था गर्नुपर्छ । त्यससँगै रकम राज्यकोषमा गइसकेपछि निक्षेपकर्ता माग्न आएको खण्डमा त्यसलाई भुक्तानी दिने संयन्त्रको सन्दर्भमा समेत स्पष्ट व्यवस्था गरिनुपर्ने दाहालले बताए ।

बैंक तथा वित्तीय संस्थाले निष्क्रिय खाताको विवरण वार्षिक केन्द्रीय बैंकमा दिनुपर्ने तर यसमा निष्क्रिय भएका खाताको अवधि अनुसार वर्गीकरण गरेर भने नराखिने केन्द्रीय बैंकका एक अधिकारीले बताए । राष्ट्र बैंकको एकीकृत निर्देशन अनुसार बैंक तथा वित्तीय संस्थाले कारोबार नभएका बचत खाताको हकमा ३ वर्ष, कल खाता र चल्ती खाताको हकमा १ वर्षभन्दा बढी समयावधि व्यतित भएपछि त्यस्तो खाता निष्क्रिय गर्नुपर्छ ।

बैंक तथा वित्तीय संस्थाको नीतिगत व्यवस्था बमोजिम निष्क्रिय गरिएका खाताका हकमा सक्रिय गर्दा ग्राहक पहिचान सम्बन्धी नीति बमोजिम अद्यावधिक भएको खाताका हकमा सम्बन्धित ग्राहकको निवेदन बाहेक अन्य कागजात लिन आवश्यक नहुने निर्देशनमा उल्लेख छ । विद्युतीय माध्यमबाट समेत ग्राहक पहिचान अद्यावधिक गरी/गराइ त्यसको पुष्टि गर्ने व्यवस्था गरी निष्क्रिय खाता सुचारु गर्न सकिने व्यवस्था केन्द्रीय बैंकले गरेको छ ।

खातावालाको मृत्य भएमा हकवालाले खाताको रकम लिने र बन्द गर्ने प्रक्रिया हुन्छ भने जीवित रहेकाको हकमा खातावालाको निवेदन तथा स्वयं उपस्थित भई सक्रिय गर्न सक्छन् । राष्ट्र बैंकका अनुसार २० वर्षभन्दा बढी निष्क्रिय खाताको १ अर्ब ६ करोड रुपैयाँ रकम बैंकिङ विकास कोषमा जम्मा भएको छ ।

तर, तीन वर्षभन्दा बढी निष्क्रिय भएका खातामा भने १ खर्ब ८० अर्ब रुपैयाँ छ । खासगरी पैसा जम्मा गरेर ४/५ वर्षका लागि विदेश गएको व्यक्तिका खाता खासगरी निष्क्रिय हुने बैंकर बताउँछन् । विदेशबाट फर्केर आए पनि उसले आफ्नो निक्षेप खाता सक्रिय गराउन सक्ने भएकाले सरकारले अपेक्षा गरे अनुसारको रकम त्यसबाट जुट्ने सम्भावना न्यून रहेको राष्ट्र बैंकका एक अधिकारीको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# बेसार, अदुवा प्रवर्द्धन गर्न बीउमा अनुदान




साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/ मकवानपुरगढी गाउँपालिकाले बेसार र अदुवाखेती प्रवर्द्धन गर्नका लागि बीउमा ५० प्रतिशत अनुदान दिने भएको छ ।

गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार बेसार र अदुवा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न लागेको हो । पालिकाले ४ नं वडाका कृषकलाई लक्षित गर्दै अदुवा प्रवर्द्धन र ५ नं. वडालाई लक्षित गर्दै बेसारखेती प्रवर्द्धन गर्न गर्न आह्वान गरेको छ ।

प्रदेश सशर्त अनुदान अन्तर्गत सञ्चालन हुन लागेको यस कार्यक्रमका लागि गाउँपालिकाले अदुवा प्रवर्द्धन कार्यक्रमका लागि चार लाख ५० हजार र बेसार प्रवर्द्धन कार्यक्रमका लागि चार लाख ५० हजार रुपैयाँ बजेट विनियोजन गरेको छ ।

स्थानीय तहमा सशर्त अनुदानअन्तर्गत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ बमोजिम छनोट भएका कृषक वा फर्मले अदुवाको बीउमा ५० प्रतिशत अनुदान प्राप्त गर्नेछन् । अदुवाखेती कार्यक्रम विशेष गरी मकवानपुरगढी गाउँपालिका वडा नं. ४ र बेसार खेती प्रवर्द्धन कार्यक्रम ५ नं. वडाभित्रका लागि मात्र लक्षित छ । वडा नं.४ र ५ मा दर्ता भई सञ्चालनमा रहेका व्यक्तिगत कृषक तथा कृषक समूह, कृषि सहकारी तथा बहुउद्देश्यीय सहकारी र निजी कृषि फर्म तथा कम्पनीले यस कार्यक्रममा सहभागी हुन आवेदन दिन सक्ने कृषि शाखाप्रमुख गोपालप्रसाद लम्सालले जानकारी दिएका छन् ।

# हेटौंडा सिमेन्ट उद्योगका अध्यक्ष भण्डारीको राजीनामा

साझाकुरा संवाददाता

हेटौंडा, १५ चैत/हेटौंडा सिमेन्ट उद्योग लिमिटेड सञ्चालक समितिका अध्यक्ष नरेन्द्र भण्डारीले पदबाट राजीनामा दिएका छन् ।

भण्डारीले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई आइतबार पत्र पठाउँदै राजीनामा दिएका हुन् । नेपाल सरकार मन्त्रिपरिषद्को २०८१ जेठ २४ गतेको निर्णयअनुसार तीनवर्षका लागि अध्यक्षमा नियुक्त भएका भण्डारीले आफ्नो कार्यकालमा उद्योग सञ्चालन तथा व्यवस्थापन सुधारका लागि विभिन्न प्रयास गरेको उल्लेख गरेका छन् । पुराना मेसिनरी, प्रविधिगत सीमितता र आर्थिक अभावकाबीच पनि उद्योग सञ्चालनमा राख्न सफल भएको तथा हाल क्लिंकर उत्पादन र बिक्री प्रक्रिया नियमित रहेको उनको दाबी छ ।

तर, कच्चापदार्थ आपूर्ति सुनिश्चित गर्ने तथा उद्योगलाई प्रतिस्पर्धी बनाउन आवश्यक पूँजी र खर्च व्यवस्थापनका लागि मन्त्रालयसँग पटकपटक सहयोग माग्दा पनि ठोस नीति तथा आर्थिक व्यवस्थापन हुन नसकेको उनले उल्लेख गरेका छन् । यस्तै, वर्तमान राजनीतिक परिस्थितिलाई मध्यनजर गर्दै आफूले पदबाट अलग हुने निर्णय गरेको पत्रमा जनाइएको छ ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना